नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218




● वर्ष १ ● अंक ९० ● २०७९ साल माघ २४ गते मंगलबार ● Tuesday 7, Feb. 2023 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

### अन्ततः माओवादी पनि सरकारमा

## मन्त्री यादव र राज्यमन्त्रीले आज शपथ ग्रहण गर्ने





मधेशदृष्टि
जनकपुरधाम, २३ माघ।

मधेस प्रदेश सरकारमा माओवादी केन्द्र सहभागी पनि सहभागी हुने भएको छ।

गत माघ २० गते भएको मन्त्रिपरिषद् विस्तारमा सहभागीनभएकोमाओवादीकेन्द्रमंगलवारसरकारमा सहभागी हुन लागेको जनाएको छ। दुई मन्त्रालय र एक राज्यमन्त्रीको अडानमा रहेका माओवादी केन्द्र अन्ततः एक मन्त्री र एक राज्यमन्त्री लिएर नै मन्त्रिमण्डलमा सहभागी हुन लागेको हो । तिनीहरुलाई मंगलवार प्रदेश प्रमुख हरिशंकर मिश्रले शपथ गराउनेछ।

माओवादीले उद्योग, पर्यटन तथा वन मन्त्रालय र एक राज्यमन्त्री पाएको छ। उद्योग मन्त्रालयमा माओवादी केन्द्रले सुनिता यादव र सोही मन्त्रालयको राज्यमन्त्रीमा रहबर अन्सारीलाई पठाउने माओवादीको निर्णय गरेको छ । सोही निर्णय अनुसार मुख्यमन्त्री सरोजकुमार यादवले तिनीहरुलाई जिम्मेवारी दिन लागेको हुन। मधेस प्रदेशमा माओवादी केन्द्रका ९ सांसद रहेका छन्।

श्रोतका अनुसार गत माघ २० गते मन्त्रिपरिषद् विस्तार हुँदा माओवादी केन्द्र मधेस प्रदेशमा पार्टी अध्यक्ष प्रचण्डकै निर्देशनमा सरकारमा सहभागी भएको थिएन। एक मन्त्री र एक राज्यमन्त्री मात्रै दिने अडान मुख्यमन्त्रीले राखेपछि माओवादी सरकारमा सहभागी नहुने मनस्थिति बनाएका थिए। माओवादीले अडान राखेको दुई मन्त्रालय मध्ये एउटामा भरत प्रसाद साह र अर्कोमा सुनिता यादवलाई पठाउने निर्णय गरेको थियो। तर जसपाका मुख्यमन्त्री सरोजकुमार यादवले एउटा मन्त्रालय मात्रै दिने अडान राखेपछि पार्टीले सरकारमा जाने मनस्थिति बनाएपनि को जाने भन्नेमा पार्टी भित्रै विवाद उत्पन्न हुँदा ढिलाई भएको माओवादीका एक नेताले बताएका छन्।

एउटा मन्त्रालय मात्रै माओवादीले पाउने भएपछि संसदीय दलका नेता भरत प्रसाद साह आफू जाने जोडबल लगाइरहेका थिए। करीब करीब उनको नाममा केन्द्रिय समितिमा छलफल पनि भएको थियो। पछि मातृका प्रसाद यादवले शहीद परिवारबाट मन्त्री पठाउने अडान राखेपछि भरत साहको सट्टा सुनिता यादवको नाम अघि सारियो।

मधेस प्रदेश दलका नेता भरतप्रसाद साहले हाल सरकारमा सहभागी भएपनि माओवादीले एउटा विकासे र एउटा प्रशासनिक मन्त्रालय सहित दुई मन्त्रालयको अडान कायम रहेको बताएका छन्।

मन्त्री बन्न लागेकी सुनिता यादव धनुषाका शहीद रामवृक्ष यादवकी कान्छी छोरी हुन्। जसमा तर, एक मन्त्रालय मात्र जसपा नेतृत्वको सरकारले दिन खोजेपछि सो मा सुनिता मन्त्री बन्ने तय भएको हो। सुनिता समानुपातिक प्रणालीबाट संसद बनेकी हुन्। १० मध्ये ९ मन्त्रालय जसपा, एमाले र जनमतले भागबण्डा गरिसकेका छन्।

## रक्सौलमा किनमेल गर्न सरकारी गाडी





मधेशदृष्टि
वीरगंज, २३ माघ।

सरकारी स्वामित्वमा रहेको सवारी साधनको दुरुपयोग केही दिनयतादेखि बढ्दै गएको छ। कामकाज भन्दा पनि आफ्नो निजी कामको लागि सरकारी गाडीको दुरुपयोग गर्ने कार्य बढ्दै गएको हो । जनताको सेवा गर्ने क्रममा पालिका तथा सरकारी कार्यालयको कामको लागि आवतजावत गर्न सरकारले उपलब्ध गराएको सरकारी नम्बर प्लेटका गाडी पालिकाका जनप्रतिनिधिका आफन्त, श्रीमती तथा कर्मचारीको श्रीमतीहरु चढेर घरायसी सामान किनमेल गर्न रक्सौल पुग्ने गरेको पाइएको छ।

घरायसी सामान किनमेल गर्न सरकारी गाडी भारतीय सिमावर्ती सहर रक्सौल देखिन्छन् । खास गरेर सार्वजनिक विदाको दिन सरकारी गाडी कार्यालय प्रमुख तथा जनप्रतिनिधिका आफन्तले किनमेलको लागि भारतीय सिमावर्ती सहर रक्सौल लगेको पाइएको छ।

स्थलगत अनुगमनको क्रममा भारतको रक्सौल स्थित भारतीय आयल कर्पोरेशनको दक्षिणपट्टि रहेको सवारी पार्किङ्गमा दुईवटा सरकारी गाडी पार्किङ्ग गरेको अवस्थामा फेला परेको थियो।

बा. २ भ ४४३६ र मधेश प्रदेश ०३-००१ भ ००८२ नम्बरको सरकारी गाडी पार्किङ्ग स्थलमा पार्क गरि राखिएको थियो। त्यस्तै बा. २ भ ४४३६ नम्बरको हाफ बडि स्कार्पियो तथा मधेश प्रदेश ०३-००१ भ ००८२ नम्बरको स्कार्पियो पर्सा जिल्लाकै कुनै पालिकाको गाडी हुन, त्यहि थिए।

दुबै गाडीमा महिला सवार भई घरायसी सामान किनमेल गर्न रक्सौल बजार पुगेका पाइयो। सरकारी गाडी लिएर आएका सवारी चालकसँग बुझ्दा आफूले केही नगरेको, जसले गाडी ल्याएको छ उसैसँग गएर बुझ्न भन्ने जवाफ पाइयो।

पर्सा जिल्लामा रहेका १४ वटा पालिकाहरुमध्ये सिमावर्ती क्षेत्रमा पर्ने अधिकांश पालिकाको गाडी भारतीय सिमावर्ती सहरमा पुग्ने गरेको पाइन्छ।

सरकारी नम्बर प्लेटको मोटरसाइकलमा त तस्करहरुले ल्याउने सामान भन्दा पनि बढि सामान लोड गरेर खुलेयाम मुख्य भन्सार हुँदै ल्याउँने गरेको सहजै देख्न सकिन्छ।

रक्सौलबाट वीरगंज आउने क्रममा ना. १ ब २३१२ नम्बरको टि.भि.एस. कम्पनीको आपाची मोटरसाइकलमा तस्करहरुले ल्याउँने सामान भन्दा बढी सामान बोकी रक्सौलबाट वीरगंज आउँदै गरेको दृष्य पनि देखियो । यो गाडी पनि कुनै सरकारी निकायकै हो।

यसरी सरकारी नम्बरको गाडी लिएर सिमावर्ती सहरमा सामान किनमेल गर्न जाँदा कोही कसैले रोकटोक समेत गर्ने गरेको छैन। कार्यालयको काम गर्नका निम्ति मात्रै सरकारी गाडी प्रयोग गर्न पाउने प्रावधान रहेको अवस्थामा यहाँका कर्मचारीहरु खुलेयाम आफ्नो घरायसी सामान किनमेल गर्न रक्सौल आउँजाउँ गर्ने गरेका छन्।

सरकारी गाडीमा बोकी भारतीय सीमावर्ती सहरबाट सामान ल्याउँदा भन्सार स्थित सुरक्षाकर्मीले रोकटोक नगर्ने, जति सामान भएपनि चेकजाँच नहुने, त्यसमा पनि आफ्नो निजी खर्च पनि नहुने कारणले गर्दा पनि जनप्रतिनिधि तथा कर्मचारी पत्निहरु सरकारी गाडीको दुरुपयोग गर्ने गरेको पाइन्छ।

सम्बन्धित नियामक को कमजोरीको कारण पनि जिल्लाका पालिका लगायत सरकारी कार्यालयहरुको गाडीको खुलेयाम दुरुपयोग हुने गरेको छ। यसो पनि शनिबारको दिन सरकारी गाडी चलाउन नपाइने अवस्थामा नियम कानूनलाई लत्याउँदै सरकारी निकायका कर्मचारी श्रीमती एवं जनप्रतिनिधिका श्रीमतीहरुले सरकारी गाडीको दुरुपयोग गर्ने गरेका छन्।

स्थानीय निकायका जनप्रतिनिधि एवं कर्मचारी श्रीमतीहरुले सरकारी गाडीको दुरुपयोग गरेको यो पहिलो घटना पनि होइन, पटक पटक यो विषयको उठान गरिएको छ तर सम्बन्धित निकायको लाचारीपनको कारण सरकारी गाडी दुरुपयोगमा कमि हुनुको साथै झन् बढ्दै गएको पाइन्छ। यसबारे पर्साका सहायक प्रमुख जिल्ला अधिकारी महेशराज तिमिल्सिनाले शनिबारको दिन पास नलिईकन कुनै पनि सरकारी गाडी संचालन गर्न नपाइने भन्दै त्यस्तो पाइएमा ट्राफिकसँग समन्वय गरि नियन्त्रणमा लिई सम्बन्धित कार्यालयमा फर्काइने बताए।

सामान्यता सरकारी विदामा सरकारी गाडी चलाउन पाइँदैन, तर कुनै यस्तो कार्यालय हुन्छ, फिल्डमा जानुपर्ने हुन्छ, शान्ति सुरक्षा कायम गर्न जानुपर्ने हुन्छ, त्यस्तो अवस्थामा जिल्ला प्रशासन कार्याल्यबाट सवारी पास जारी गरिन्छ र त्यसले मात्रै गाडी चलाउन पाउँछ तर यसरी अनुमति नलिई सरकारी विदाको दिन चलाउने गाडीलाई कारवाही गरिने उनको भनाई छ।

परिवार घुमाउने सन्दर्भमा शनिबारको दिन परिवारलाई पनि लैजान नपाउने उनको भनाई छ तर यहाँ सरकारी गाडी परिवारको सदस्यहरुलाई सयर गर्नका लागि बढि प्रयोग गर्ने गरिएको पाइएको छ।

### तीन सय बोरा भारतीय चामल बरामद

## सुरक्षाकर्मीको दोहोरो भूमिका : तस्करी अनि छापामारी

विकास अग्रवाल
रौतहट, २३ माघ।

गौर भन्सार कार्यालयको मुख्य नाका भएर व्यापक तस्करी भईरहेको चर्चा भइरहेको बेला सुरक्षाकर्मीले तीन सय बोरा चामल छापा मारेको छ।सुरक्षाकर्मीले सदरमुकाम गौरको एक चामल पसलमा छापामारी अवैध रुपले भित्रिएको चामल बरामद गरेपछि भन्सार नाकाबाट तस्करी बढेको पुष्टि भएको हो।

भन्सार नाकामा खटिएका सुरक्षाकर्मीहरुको मिलेमतोमा तस्करहरुले दैनिक लाखौं मुल्य बराबरका सामानहरु अवैध रुपले भित्राएर सदरमुकाम स्थित गोदाममा सञ्चित गरी बिक्री वितरण गर्दै आएका छन्। यसैबीच जिल्ला प्रहरी कार्यालयले छापामारी गरेको हो। यस अघि गत मंसिरमा पनि यसैगरी छापा मारिएको थियो।

जिल्ला प्रहरी, जिल्ला प्रशासन तथा गौर भन्सार कार्यालयबाट गएको संयुक्त टोलीले गौर नगरपालिका ५ स्थित रहेको नन्दलाल चिउरा भुजा चामल पसलमा छापामारी ठुलो परिणाममा भारतीय चामल बरामद गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। विगत लामो समय देखि भारतबाट अवैध रुपमा चामल भित्राएर जिल्लाको विभिन्न स्थानमा पुर्याउँदै आएको गुनासो आउन थालेपछि छापामारी गरिएको जिल्ला प्रहरीले जनाएको छ।



सुरक्षाकर्मीले आइतवबार अबेर साँझ गरिएको उक्त छापामारी करिब २ घण्टासम्म चलेको थियो। विभिन्न कम्पनीका मंसुली, कतरनी तथा बासमती चामलहरु भन्सार छली अवैध रुपले भित्राई गोदाममा सञ्चित गरीराखेको गोप्य सूचनाको आधारमा छापामारी गरिएको प्रहरी उपरीक्षक बीरबहादुर बुढा मगरले बताए। पटक पटक उक्त पसलमा भारतीय चामलको अवैध कारोबार भईरहेको गुनासो आएपछि यसअधि पनि दुई पटक छापामारी गरिएको एसपी मगरले जानकारी दिए।

नन्दलाल चिउरा भुजा तथा चामल पसलबाट ९० प्रतिशत भन्सार छलीका खाद्यान्न बिक्री वितरण हुने गरेको सुरक्षाकर्मी भनाई छ। बोरामा २५ किलोग्राम चामल उल्लेख गरिएपनि उनले बिक्री वितरण गर्ने अधिकांश बोरामा करिब २४ केजी मात्र तौल रहने गरेको समेत सुरक्षाकर्मी श्रोत बताउँछ।

छापामारीको क्रममा विभिन्न कम्पनीका २ सय ९७ बोरा चामल करिब साढे सात सय क्विन्टल भन्सार छलीको चामल बरामद भएको जिल्ला प्रहरीले जनाएको छ। बरामद चामललाई आन्तरिक राजस्व कार्यालय पथलैया बाराको कार्यालयमा दाखिला गरेको समेत जिल्ला प्रहरीले बताएको छ। छापामारीको क्रममा पसल सञ्चालक फरार रहेकाले पक्राउ गर्न नसकिएको जिल्ला प्रहरीले कथन छ।रौतहट उद्योग वाणिज्य संघका एक सदस्य सुरक्षाकर्मीको दोहोरो भूमिका परिवर्तन हुनुपर्ने बताउँछन्। उनका अनुसार सुरक्षाकर्मीको मिलोमतोमा तस्करी हुन्छ, त्यसरी तस्करी भएको सामान छापामार गर्ने काम पनि सुरक्षाकर्मीबाटै बेलाबेलामा हुन्छ। 'सुरक्षाकर्मीको मिलेमतोमा गौर भन्सार कार्यालयको मुख्य नाकाबाट हुने तस्करी कारोबारलाई नियन्त्रण गरेमा गौरका व्यवसायीहरु आर्थिक मारमा पर्देनन्।' सुरक्षाकर्मीको दोहोरो भूमिकाको विरोध हुनुपर्ने उनी बताउँछन्।

### वैध चामल रहेको सञ्चालकको दाबी

जिल्ला प्रशासन कार्यालयबाट लिलाम साकार गरेको चामललाई सुरक्षाकर्मीले अवैध भन्दै लगेको आरोप पसल सञ्चालक नन्दलाल साह तेलीले लगाएका छन्।

साहका अनुसार गौर नगरपालिका १ स्थित रहेको ओम गल्ला भण्डारबाट कालोबजारी मुद्धामा जिल्ला प्रशासनले मंसिर १४ मा लिलाम गरेको चालम सकार गरी गोदाममा भण्डारण गरिराखेको अवस्थामा सुरक्षाकर्मीले छापामारी गरेको हो। कालोबजार मुद्धामा ओम गल्ला भण्डारबाट बरामद भई जिल्ला प्रशासन कार्यालयले लिलाम गर्दा २ लाख ५ हजार ५ सय रुपैयामा कतरनी चामल ६९ क्विन्टल, मंसुली चामल साढे १४ क्विन्टल र चुनि भुष साढे ८ क्विन्टल सकार गरी गोदाममा राखिराखेको अवस्थामा जिल्ला प्रहरीबाट आएको प्रमाण स्वरुप त्यसबेलाको पत्र देखाउँदै साह भन्छन् ' वैध चाललाई अवैध भन्न मिल्दैन।'

सुरक्षाकर्मीहरु भने नन्दलालको पसलबाट दैनिक एक ट्रक जस्तो चामल विक्री हुने गरेको बताउँदै कारवाहीबाट बच्न कागजी आड लिएको टिप्पणी गर्दछन्। एक सुरक्षाकर्मीले भने ' लिलाम भएको चाममल र अहिले पाइएको चामलनै फरक छ, बोराहरुनै फरक छन्।'



# निशुल्क कृषि मीटरका लागि कृषि मन्त्रालयको पहल

मधेशदृष्टि
जनकपुरधाम, २३ माघ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रदेशका किसानहरुको सिचाई व्यवस्थापनका लागि निशुल्क कृषि मीटर उपलब्ध गराउने पहल शुरु गरेको छ।

नेपाल सरकारको घोषित कार्यक्रम अन्तर्गत प्रदेशका ४४ वटा पालिकाले कृषि मीटर पाइसकेका छन् । छुट भएका ९२ वटा पालिका र वडाहरुको प्रक्रिया गर्न पुरा गर्न प्रदेशका कृषि मन्त्रालयले पहल शुरु गरेको हो।

मन्त्री बसन्त कुशवाहा, मन्त्रालयका सचिव डा. नम्रता सिंह र नेपाल विधुत प्राधिकरण, प्रादेशिक कार्यालयका प्रमुख ई. मुनिन्द्र ठाकुरको समन्वयमा मधेश प्रदेशभित्र सम्पुर्ण १३६ वटै पालिकामा सिचाई व्यवस्थापनका लागि किसानहरु निशुल्क कृषि मीटर पहल शुरु भएको हो।

मन्त्री कुशवाहाले दिएको जानकारी प्रक्रिया पुरा गर्न नसकेका पालिकाहरुले यी कार्यक्रम आफ्नो पालिकामा संचालनका लागि जिल्लाको नेपाल विद्युत प्रधिकरणका कार्यालयका प्रमुखसँग भेटेर छलफल गर्ने, नेपाल विधुत प्राधिकरणको मापदण्ड अनुसार कृषि बिजुली पालिकाले तिर्नुपर्ने र पूर्वाधार निर्माणका लागि बजेट छुट्याउने सहित निर्णय पालिकाले कार्यपालिकाबाट पारित गराई सम्बन्धित प्राद्यिकरणलाई उपलब्ध गराउन र बाँकी कार्यका लागि नेपाल विधुत प्राधिकरण प्रदेश कार्यालय र प्रदेश कृषि मन्त्रालयले पहल गर्ने निर्णय गरिएको छ।

उनले भने कृषि मीटर निशुल्क पाइसकेका पालिकाका किसानहरुले पम्पिङ्ग सेट मन्त्रालयबाट उपलब्ध गराउने कार्य जारी रहेको छ । हुनत यसअघि पनि पम्पिङ्ग सेट उपलब्ध गराइएको थियो तर त्यो



व्यवस्थित थिएन । अब कृषि मीटर पाएकाहरुलाई मात्र पम्पिङ्ग सेट उपलब्ध गराइनेछ।

उनका अनुसार सप्तरीको ९, धनुषाको १४, महोत्तरीको ११, रौतहटको ६ र पर्सा तथा सर्लाहीको १/१ वटा पालिकाका अधिकांश वडाहरुले निशुल्क कृषि मीटर पाइसकेका छन । उनले भने कृषि मीटरमा उठेका महसूल पालिकाले तिर्ने निर्णय गराई सम्बन्धित प्राद्यिकरण कार्यालयलाई उपलब्ध गराइसकेका पालिकाहरुलाई निशुल्क कृषि मीटर उपलब्ध गराउने हो। यो कार्यक्रम अन्तर्गत मीटरमा उठेका विद्युत महसूले प्रति यूनिट २ रुपैया २५ रुपैयाको दरले सम्बन्धित पालिकाले तिर्ने हो । मन्त्रालयले दिएको जानकारी अनुसार प्रदेशका सप्तरी जिल्लाको राजबिराज नगरपालिका, रूपनी गाउँपालिका, छिनमस्ता गाउँपालिका, बिष्णुपुर गाउँपालिका, बलान बिहुल गाउँपालिका, बोदेबरसाइन नगरपालिका, खड़क नगरपालिका, सुरूँगा नगरपालिका, अग्निसाइर कृष्णसवरण गाउँपालिका सहितका ९ वटा पालिकालाई कृषि मीटर उपलब्ध गराइएको छ।

त्यस्तै धनुषाको जनकपुरधाम उपमहानगरपालिका, सबैला नगरपालिका,क्षिरेश्वरनाथनगरपालिका, बटेश्वर गाउँपालिका, सहिदनगर नगरपालिका, बिदेह नगरपालिका, जनकनन्दनी गाउँपालिका, हंसपुर नगरपालिका, कमला कमला नगरपालिका, धनौजी गाउँपालिका, मुखियापट्टी मुसरनिया गाउँपालिका, मिथिला बिहारी नगरपालिका, नगराइन नगरपालिका,औरहीगाउँपालिका, लक्ष्मीनिया गाउँपालिका सहितका पालिकका वडाहरुले पाएका छन्।

महोतरीका औरही नगरपालिका, गौशाला नगरपालिका, सम्सी गाउँपालिका, भंगहा नगरपालिका, एकडारा गाउँपालिका, पिपरा गाउँपालिका, मनारा सिस्वा नगरपालिका, मटिहानी नगरपालिका, बलवा नगरपालिका,महोतरीगाउँपालिका, रामगोपालपुर नगरपालिका, सर्लाहीका ईश्वरपुर, बसवरिया, रौतहटका मौलापुर नगरपालिका, देवाही गोनाही नगरपालिका, कटहरिया नगरपालिका, माधवनारायण नगरपालिका, गढ़ीमाई नगरपालिका, दुर्गा भगवती गाउँपालिका र पर्साको बीरगंज महानगरपालिकाका किसानहरुले कृषि मीटर पाएका छन्।

नेपाल विद्युत प्राद्यिकरण प्रदेश कार्यालयबाट पालिकाहरुको कृषि मीटरका लागि ४० करोड ८५ लाख २६ हजार ४७४ रुपैया थप बजेट सहितको रकम समेत स्वीकृत गरिएको जनाइएको छ। जिल्लागत रुपमा धनुषाको लागि ४२ लाख, महोत्तरीका लागि ८ करोड ७८ लाख, सर्लाहीका लागि २५ करोड ३५ लाख, रौतहटका लागि ५ करोड २९ लाख र बाराको लागि एक करोड रुपैया छुटयाइएको छ भने थप बजेटका लागि ८२ करोड ६३ लाख फाइल पठाइएको छ।

# मालपोत कार्यालय जलेश्वरमा ६ दिनदेखि कामकाज ठप्प

मधेशदृष्टि
महोत्तरी, २३ माघ । महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा स्थित गत ६ दिनदेखि मालपोत कार्यालयको कामकाज बन्द हुँदा सेवाग्राही मारमा परेका छन् ।गत बुधबारदेखि नै मालपोत महोत्तरीमा आबद्ध करीब दुई सय लेखापढी कानुन व्यवसायीहरू (लेखनदास) ले कागजपत्रको लेखापढी बन्द गरेका कारण सेवाग्राहीको कामकाज हुन नपाउँदा उनीहरू मारमा परेका हुन्।

लेखापढी कानुन व्यवसायीले मालपोतमा सेवाग्राहीलाई आवश्यक पर्ने राजीनामा, जग्गापास, नामसारी, अंशबन्डा, रोक्का, रोक्का फुकुवा लगायतका सबै लेखपढ गर्नुपर्ने कागजी कामकाज गत बुधबारदेखि ठप्प परेका छन्।

बुधबार जिल्ला प्रहरीले मालपोत कार्यालयबाट पाँच बिचौलियालाई पक्राउ गरेपछि मालपोतमा काम गर्ने लेखापढी कानुन व्यवसायीले पक्राउ परेका पनि लेखापढी कानून व्यवसायी रहेको भन्दै उनीहरूलाई निःशर्त छाड्नुपर्ने माग गर्दै आन्दोलनमा उत्रिएका थिए। शुक्रबार प्रहरीले उनीहरूलाई रिहा गरिसक्दा पनि व्यवसायहीहरू अझै काममा फर्किएका छैनन् भने मालपोतको कामकाज आज पाँचौं दिन पनि ठप्प रहेको छ। जिल्ला प्रहरीले मालपोत कार्यालयबाट पक्राउ परेका पाँच जनामाथि शान्ति विरुद्धको अपराधमा सात दिनको म्याद थप गरी कानूनी कारबाही प्रक्रिया अगाडि बढाएपछि मालपोतम कार्यरत दुई सय लेखनदास जिल्ला प्रशासन कार्यालयमा धर्ना बसेपछि प्रहरीले प्रशासन कार्यालयसँगको समन्वयमा उनीहरूलाई शुक्रबार छाडेको थियो । तर उनीहरु विरुद्ध मुद्दा अझै पनि चलिरहेको र सोही मुद्दा खारेजीको माग गर्दै लेखनदास अझै आन्दोलित छन् । बुधबार दिउँसो मालपोत कार्यालयको प्राङ्गणमा सेवाग्राहीलाई हाकिम, कर्मचारीसँग आफ्नो सेटिङ रहेको र आफूले छिटोछरितो काम गराइदिने भन्दै प्रलोभन देखाउँदै पैसाको मोलमोलाई गरिरहेको अवस्थामा प्रहरीले पाँच जना लेखनदासलाई पक्राउ गरेको थियो।

# वडास्तरीय क्रिकेट प्रतियोगिता सम्पन्न

मधेशदृष्टि , जनकपुरधाम, २३ माघाजनकपुरधामउपमहानगरपालिकामा वडा स्तरीय क्रिकेट प्रतियोगिता सप्पन्न भएको छ। प्रतियोगितामा जनकपुरधाम उपमहानगरपालिका कनकपटी टिम बिजयी भएका छ्न । प्रतियोगितामा मिथिलाबिहारी ठेरा टिम उप बिजेता भएका छ्न । बिजयी टिमलाई जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले मेडल, प्रमाणपत्र प्रदान गरेका छन । विजयी टीमलाई मेडल सहित जनही ५१ हजार र द्बितीय हुने टीमलाई मेडल सहित २५ हजार रुपैया पुरस्कार दिइएको आयोजकले जनाएको छ । उपमहानगरपालिकाको वडा नं. १७ कनकपट्टीमा सम्पन्न भएको सो प्रतियोगितामा १६ वटा टिमको सहभागिता रहेको थियो । कनकपटटी युवा क्लव र सरस्वती क्रिकेट टिमको आयोजना र जनकपुरधाम उपमहानगरपालिकाको सहयोगमा सप्पन्न थियो।

# यौन शोषणको आरोपमा पाण्डेलाई ७ वर्ष कैद

मधेशदृष्टि
काठमाडौं, २३ माघ । सौन्दर्य प्रतियोगिताको नाममा किशोरीलाई पटक पटक यौन शोषण गरेको कसुरमा मनोज पाण्डेलाई ७ वर्षको कैद सजाय सुनाइएको छ। सोमबार काठमाडौं जिल्ला अदालतले पाण्डेलाई ७ वर्षको कैद सजाय हुने फैसला सुनाएको छ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश दीपक ढकालको इजलासले पाण्डेलाई मानव बेचबिखन गरेको कसुरमा ७ वर्षको कैद सजाय र पीडितलाई ७५ हजार रुपैयाँ क्षतिपूर्ति भराउने फैसला सुनाएको हो।

काठमाडौं जिल्ला अदालतले गत माघ १० गते नै पाण्डेलाई बाल यौन दुरुपयोग र मानव बेचबिखनको मुद्दामा दोषी ठहर गरेको थियो । माघ १० गते भएको फैसला अनुसार बाल यौन दुरुपयोगमै त्यतिबेला नै ६ महिना कैद सजाय र ५० हजार रुपैयाँ क्षतिपूर्ति भराउने फैसला सुनाइएको थियो।

मानव बेचबिखनको कसुरमा भने ३ वर्षभन्दा बढी कैद सजाय हुने भएकाले सजाय निर्धारणका लागि माघ २३ गतेको पेसी तोकिएको थियो। सोमबार मानव बेचबिखनको कसुरमा ७ वर्षको कैद सजाय सुनाएलगत्तै पाण्डे अब कम्तीमा ७ वर्ष कैदमा बस्नुपर्ने देखिएको हो।

# मेयर बरबरिया सहित १२ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर

मधेशदृष्टि
जनकपुरधाम, २३ माघ । धनुषाको शहीदनगर नगरपालिकाका पूर्वप्रमुख र उपप्रमुखसहित १२ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको मुद्दा दायर गरेको छ।

वडा नम्बर ८ को बिसरभोरा नहरदेखि गोठ कोयलपुरसम्म कृषि सडक निर्माणका क्रममा फिल्डमा भएको कामभन्दा बढी राखेर नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार परी उपभोक्ता समितिलाई बढी भुक्तानी गरेको अख्तियारको दाबीसहित अख्तियारद्वारा विशेष अदालतमा उनीहरूविरुद्ध मुद्दा दायर गरिएको हो।

कृषि सडक निर्माण गर्दा फिल्डमा भएको कामभन्दा बढी काम गरेको भनी गलत नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार पारी उपभोक्ता समितिलाई लागत बढाई २ लाख १२ हजार ८१६ रुपैयाँ बढी भुक्तानी गरेको देखिएका अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीले जनाएका छन्।

अख्तियार जनाए अनुसार पूर्व नगरप्रमुख उदयकुमार बरबरिया यादव, उपप्रमुख शिलादेवी कापरी, तत्कालीन लेखा समितिका संयोजक जैसिलाल भिनवार यादव र सुशासन समितिका संयोजक कन्हैया मुखियाविरुद्ध मुद्दा दायर भएको छ।

तयस्तै प्रमुख प्रशासकीय अधिकृत रामकिशोर महतो, इन्जिनियर संजय यादव, वडा नम्बर ८ का वडाध्यक्ष तनुकलाल कुसियत र योजना शाखा प्रमुख विन्देश्वर यादव, तत्कालीन आर्थिक प्रशासन प्रमुख नन्दकुमार झा र उपभोक्ता समितिका अध्यक्ष कारी चमार, कोषाध्यक्ष रेखाकुमार र सचिव मुकेश लखनदेव यादवविरुद्ध पनि मुद्दा दायर भएको हो।

# विभिन्न मुद्धाका फरार प्रतिवादीहरु पक्राउ

मधेशदृष्टि
कञ्चनरुप, माघ २३।
सप्तरी जिल्ला अदालतबाट विभिन्न मुद्धामा फैसला भई फैसला कार्वान्वयन अन्तर्गत फरार रहेका प्रतिवादीह?लाई प्रहरीले पक्राउ गरेका छन् । खोजतलास गर्दै जानेक्रममा १४ जनालाई पक्राउ गरी सोमवार जिल्ला अदालतमा उपस्थित गराइएको प्रहरीले जानकारी दिइएका छन्।

पक्राउ परेकाहरु मध्ये कुटपिट मुद्धामा विष्णुपुर गाउपालिका ३ बस्ने गंगा प्रसाद मण्डल, सोही स्थान बस्ने शिव कुमार मण्डल, भोल्वी देवी मण्डल, राजगढ गाउपालिका ६ बस्ने जसमुल खाँ, सोही गाउपालिका १ बस्ने जय नारायण यादव, रीतादेवी यादव, राजेश यादव छन् । यस्तै ज्यान मार्ने उधोगमा तिरहुत गाउपालिका ४ बस्ने आनन्द देव यादव छन् । सोहि पालिका ४ बस्ने रजिया खातुन, सवि?न खातुन, जाकिर मियाँ, शम्भुनाथ नगरपालिका ३ बस्ने राजेन्द्र साह, सियावती देवी साह कुटपिट अंगभंग मुद्धाका हुन् भने वनपैदावारमा सु?ङ्गा नगरपालिका ८ बस्ने उमाकान्त चौधरी पक्राउ परेका छन्।

कुटपिट मुद्धामा परेका मण्डलहरुलाई जनही छ सय रुपैयाँ, खाँलाई तीनहजार एकसय २० रुपैयाँ र यादवह?लाई जनही पाँचसय रुपैयाँ दण्ड जरिवाना तोकिएको छ । यस्तै ज्यानमार्ने उधोगका यादवलाई तीनहजार र एकदिन कैद सुनाइएको छ । खातुनद्वय र मियाँलाई जनही चार हजार दण्डजरिवाना छ । साहद्वयलाई एकसय ६५ र वनपैदावारमा परेका चौधरीलाई ९४ हजार नौसय नगद र २४ दिन कैद सजाय सुनाइएको प्रहरी प्रवक्ता डिएसपि नरेश कुमार सिंहले बताए।

# कटहरिया नगरपालिकाद्धारा न्यानो वितरण



मधेशदृष्टि, गरुडा,२३ माघ।
रौतहट जिल्लाको कटहरिया नगरपालिकाले न्यानो कम्बल वितरण गरेको छ। कटहरिया वडा नम्बर २ हथियाही र जमुनिया टोलका गरिब,दलित, विपन्न,जेष्ठ नागरिक लगायतका परिवारलाई सोमवार न्यानो कम्बल वितरण गरिएको हो।

कटहरिया नगरपालिकाको नगरप्रमुख अजय प्रकाश जयसवालको निर्देशनका सोमाबार एक कार्यक्रमका बिच सो कम्बल वितरण गरिएको छ। नगर प्रमुख जयसवालको निर्देशनमा जिन्सी शाखा प्रमुख संतोष साहले सो कम्बल वितरण गरेका हुन्। वडा नम्बर ५ स्थित रहेको नगरपालिकाको प्रांगनबाट कम्बल वितरण गरिएको हो।

कटहरिया नगरपालिका वडा नम्बर २ का ६० जना लक्षित परिवारलाई कम्बल वितरण गरिएको छ । चिसो बढेपनि स्थानीय सरकारले कम्बल वितरण नगरेको गुणासो आउन थालेपछि नगर प्रमुख जयसवालले कम्बल वितरण गराउन कार्य सुरू गरेका हुन्। चिसोको कारण गरिब,विपन्न परिवार समस्या परेका छन् । कम्बल वितरणको सहयोग थोरै भएको पनि उनीहरूले राहत महसुस गरेका छन्।

यस अघि कटहरिया नगरपालिकाले वडा नम्बर १,४,९ सहितका वडाहरुमा कम्बल वितरण गरेको थियो।




## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभभा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ। मनमा दुबिधा उत्पन्न हुनेछ। चोटपटकको भय छ सचेत रहनुहोला।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ। जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ। मेहनतीहरूका लागि दिन फलदायी रहनेछ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ। भूमिबाट पनि लाभ रहला।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ। छोटो दुरीको लाभदायक यात्रा रहला। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। आस मारेको काम बन्न सक्छ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। प्रेम सम्बन्ध पनि कसिलो होला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ। आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला।

# प्रदेशलाई पुर्ण साक्षर बनाउने प्रक्रिया शुरु

मधेशदृष्टि
जनकपुरधाम, २३ माघ । मधेश प्रदेशलाई पूर्ण साक्षर बनाउने पहल शिक्षा, विज्ञान प्रविधि तथा वाणिज्य मन्त्रालयले शुरु गरेको छ।

प्रदेशलाई पुर्ण साक्षर बनाउन प्रदेशका सबै स्थानीय तह, नेपाल सरकार र मातहतका निकायबीच समन्वय गरी शिक्षा सम्बन्धी प्रादेशिक निती, कानून तथा मापदण्ड तिव्रताका साथ निर्माण गर्ने र सोको प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गर्ने टिप्पणी आदेश गरिएको छ।

सो मन्त्रालयका अधिकृत सरोज कुमार खतिवडाले तयार पारेको सो टिप्पणी आदेश शिक्षा विकास निर्देशनालय र मन्त्री महेश यादव समक्ष पेश गरिएको बुझिएको छ।

सो टिप्पणी आदेशमा मधेशको साक्षरता ४९.५ प्रतिशत मात्र रहेकोले शैक्षिक विकासका लागि कार्यक्रमहरु तिव्र रुपमा संचालन गर्नुपर्ने अपरिहार्य रहेको देखिएको भनिएको छ।

नेपालको संविधानको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा रहेको क्रम सं. २ मा शिक्षा सम्बन्धी साझा अधिकारको व्यवस्था गरिएको र नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदनमा समेत प्रदेशको अधिकार अन्तरगत शिक्षाको प्रादेशिक नीति कानून मापदण्ड निर्धारण कार्यान्वयनको व्यवस्था रहेको र सो सम्बन्धमा मन्त्रालयको कार्य विभाजनमा रहेको उल्लेख गरिएको छ।

# संत रविदासजी महाराजको जन्मजयन्ती मनाईयो



मधेशदृष्टि
जनकपुरधाम, २३ माघ। प्रत्येक वर्ष माघ पुर्णिमाका दिन मनाइने मीरा का गुरु , समाजवादका जनक क्रान्तिकारी संत शिरोमणि गुरु रविदासजी महाराजको पावन प्रकास उत्सव ६४६ औं जन्मोत्सव मनाईएको छ।

आइतवार जनकपुरधाम वडा नं. ९ बेल्ही टोलमा पुजा र संसकार गरि रविदासजी महाराजको जन्मजयन्ती मनाइएको हो । अखिल रविदास धर्म संगठन नेपालको आयोजनामा रामउदित रामको अध्यक्षतामा साथै प्रमुख अतिथी नेपाल सरकारको पूर्व राज्यमन्त्रि एवं संविधान सभा सदस्य अरबिन्द साह, विशेष आमन्त्रित जोगिन्दर राम , यूवाकवि प्रमोद राम, रन्जीत राम, सुशिला कुमारी राम , झपसी महरा , रामसोगारथ राम, मंगल राम, संतोष महरा , तेतरी महरा लगायत सनातन हिन्दु रविदास धर्म प्रति आस्थावान ब्यक्तिहरुको उपस्थिती रहेको थियो। जन्मोत्सवमा संत रविदासजीका जीवनी एवम उनको अमृत वाणी माथी , उनको प्रचलित दोहाहरुको बारेमा चर्चा ब्याख्या गरिएको थियो।

संत शिरोमणी सतगुरु रविदास सन्तहरूमा सर्व श्रेष्ठ गुरु समाज सुधारक गुरुको रुपमा मानिन्छन । समाजमा भएको कुप्रथा विकृतिको घोर विरोधी रहेका संत रविदासजी महाराजले आफ्नो रचनाहरूको माध्यमले समाजका विकृति पनि केही हद सम्म समाप्त गर्न ठुलो भूमिका निभाएका छन।

उनको रचनाको विशेषता मधुर एव सरल वाणी जो ज्ञान दायक हुँदाहुदै समाजवाद, सुखी जीवन एवं समृद्धी प्रती प्रेरणादायक छन् । रविदासजी महाराजद्धारा प्रकासीत रचना सर्व साधारणको मनलाई छुने र सुन्ने वालालाई गहिरो प्रभाव पार्ने गरेको उनकै अनुयायीहरुको भनाई छ। प्राचीन समय देखिनै भारत वर्षमा विभिन्न मतभएका दार्शनिक धार्मिक मान्छेहरू बसो बास गर्ने चलन रहेकोमा एक आपसमा मानवताको नाता( भाईचारा) बढाउन सन्तहरूको यसमा ठुलो योगदान रहेको छ र यस्ता सन्तमध्ये सतगुरु रविदास जीको अग्रगणी भूमिका रहेकैले उनी समाजवाद कै पहिलो गुरुका रुपमा पनि प्रख्यात रहेको बताईन्छ।

कार्यक्रममा अध्यक्षले रविदास जयन्तीको दिन सार्वजनिक विदा हुनुपर्नेमा नेपाल सरकार सँग जोडदार माग समेत राखेका थिए।

# नया प्रमुख प्रशासकीय अधिकृतमा साह



आरके श्रीवास्तव
गरुडा,२३ माघ । रौतहट जिल्लाको कटहरिया नगरपालिकामा नयाँ हाकिमको रुपमा रामप्रकाश साह हाजिर भएका छन्। संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयबाट नि.प्रमुख प्रशासकीय अधिकृतको रुपमा साह हाजिर भएका हुन् । उनलाई नगर प्रमुख अजय प्रकाश जयसवाल लगायत कर्मचारीहरुले स्वागत गरेका थिए।

कटहरिया नगरपालिकामा नयाँ हाकिमको रुपमा रामप्रकाश साहलाई जिम्मेवारी दिइएको थियो । शाखा अधिकृत बासुदेव भट्टराई द्वारा हस्ताक्षरित पत्रमा लेखिएको छ । नगर कार्यपालिकाको निर्णय सहित लेखी आएको बमोजिम कटहरिया नगरपालिकामा कार्यरत नेपाल प्रशासन सेवा,लेखा समूह अधिकृत स्तर आठौं तहमा कार्यरत रामप्रकाश साहलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा ४ अनुसार प्रमुख प्रशासकीय अधिकृत हाजिर नभए सम्मको लागि नगरपालिकाको आर्थिक तथा प्रशासनिक कार्य गर्नेगरी जिम्मेवारी दिइएको छ।

यस अघिको स्थानीय सरकारमा पनि कटहरिया नगरपालिकामा साह प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालेका थिए। सो अवसरमा योजना शाखा प्रमुख रामनरेश यादव,शिक्षा संयोजक अनिल निधी,सह संयोजक सुरेन्द्र ठाकुर सहित नगरपालिकाका कर्मचारहिरुको उपस्थिती रहेको थियो।

# गम्भीर घाइतेको हेलिकप्टरबाट उद्धार



घनश्याम बलम्पाकी
सर्लाही, २३ माघ । सर्लाहीको हरिवनमा आइतवारराति मोटरसाइकल दुर्घटनामा परेर गम्भीर घाइते भएका दुई जनालाई थप उपचारका लागि हेलिकप्टरमार्फत काठमाडौं लगिएकोछ। आइतवाररराति९:४० बजे हरिवन नगरपालिका-९, दनुवारी चोकस्थित भित्री सडकमा प्रदेश २-०३-०१५ नम्वरको मोटरसाइकल अनियन्त्रित भइ दुर्घटना हुँदा बागमती नगरपालिका-११, कर्मैयाका ४२ वर्षीय सूर्यप्रसाद घिमिरे र ३५ वर्षीय राजन श्रेष्ठ गम्भीर घाइते भएको प्रहरीले जनाएको छ । घिमिरे मोटरसाइकल चालक र श्रेष्ठ मोटरसाइकलको पछाडि सवार थिए। उनिहरुलाई नमूना अस्पताल हरिवनमा सामान्य उपचारपश्चात सोमवार बिहान ११:३५ बजे मनाङ एयरको हेलिकप्टरबाट थप उपचार गर्न ग्राण्डी अस्पताल काठमाण्डौं लगिएको हो। घाइते दुवैलाई लालबन्दी नगरपालिका-६, स्थित खेल मैदानमा हेलिकप्टर ल्याण्ड गरी काठमाडौं पठाइएको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ।

चिकित्सकसँग सल्लाह गर्दा घाइतेलाई तत्काल काठमाडौं ल्याउन सल्लाह दिएपछि हेलिकप्टर चार्टर गरिएको घाइतेका परिवारले बताएका छन्।

# विकास निमार्णको काममा सदैब अग्रसर रहने सांसद यादवको भनाई



आरके श्रीवास्तव
गरुडा,२३ माघ । रौतहट निर्वाचन क्षेत्र नम्बर ३ क बाट निर्वाचित प्रदेश सांसद सुनिल कुमार यादव उर्फ जितेन्द्रले नेता कार्यकर्ताहरु सँग भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेका छन्।

सोमवार आफनो निर्वाचन क्षेत्र अन्तर्गत पर्ने कटहरिया वडा नम्बर २ हथियाही टोल स्थित जितेन्द्र प्रसाद यादवको अध्यक्षता तथा नेपाली काँग्रेस वडा नम्बर २ का सक्रिय कार्यकर्ता अनुठा राय यादवको अध्यक्षतामा कार्यक्रम भएको थियो। उक्त कार्यक्रमको प्रमुख अतिथीको रुपमा प्रदेश सांसद यादव रहेका थिए भने विशिष्ट अतिथीको रुपमा क्षेत्रिय सभापती एवम् कटहरिया वडा नम्बर ५ का वडा अध्यक्ष सर्फलाल गुप्ता रहेका थिए।

सो अवसरमा पूर्व गा.वि.स.अध्यक्ष सेराजुल देवान,मनोज यादव,वीरेन्द्र यादव,रघुनाथराय,चन्देश्वरप्रसाद यादव लगायत १ सय ५० जनाको सहभागितामा भेटघाट तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो।

सोमबारको छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानिय स्तरमा रहेको समस्या,अति आवश्यक विकास निर्माण सम्बन्धि योजना,भौतिक पूर्वाधार निर्माण तथा अन्य सम सामायिक विषयमा छलफल भएको साथै स्थानियद्धारा उठाइएका विकास निर्माणको काममा आफनो तर्फबाट र नगरपालिकाको तर्फबाट यथासिघ्र पहल गर्ने आश्वासन प्रदेश सांसद यादवले दिएका थिए।

# गुजरामा साक्षरता कक्षा कार्यक्रम उदघाटन



मधशेदृष्टि
गरुडा,२३ माघ । रौतहट जिल्लाको गुजरा नगरपालिकामा साक्षरता कक्षा कार्यक्रम उद्धघाटन गरिएको छ । नगरपालिकाको वडा नम्बर ९ दयालपुरमा सो कक्षा सोमवारदेखि सञ्चालन गरिएको हो । शिक्षा विभाग धुलिखेल काभ्रेको सहयोगमा सुरु भएको साक्षरता कक्षा वडामा रहेको दुइ वटा टोलहरु दयालपुर र भंगहामा कक्षा सञ्चालन भएको हो । दुबै टोलमा क्रमश २७ र २५ जना सहभागी छन् । साक्षरता कक्षा १० महिना सम्म चल्ने आयोजक संस्थाले बताएको हो।

एक कार्यक्रमका बिच सो वडाका वडा अध्यक्ष प्रेम चौधरीले सोमबार उद्धघाटन गरेका छन। सबैलाई कम्तीमा हस्ताक्षर गर्न सक्ने बनाउन यो कक्षा सञ्चालन गरिएको तथा लेखपढ गर्न नसक्नेहरूका लागि साक्षरता कक्षा सञ्चालन गरिएको वडा अध्यक्ष चौधरीले जानकारि दिए।

स्थानीय तहहरूलाई पनि साक्षर घोषणा गर्ने सरकारी लक्ष्य अनुरुप यो कक्षा सञ्चालन भइरहेको छ । १५ देखि ६० वर्ष उमेरसमूहका सबै नागरिकलाई लेखपढ गर्न सक्ने बनाउन साक्षरता कक्षाको सुरुवात गरिएको हो।

सो अवसरमा संस्थाका बालजुगेश्वर चौधरी,श्री नमूना मावि सिमरा भवानीपुरका रमेश अधिकारी सहितका व्यत्तीहरुको उपस्थिती रहेको थियो।




# संक्षेप समाचार

## शिप विकास तालिम सम्पन्न

मधेशदृष्टि, वीरगंज, २३ माघ।
लघु व्यवसाय विकास कोष वीरगन्जको सहयोग तथा सृजनशिल व्यवसाय तालिम केन्द्रको आयोजनामा ३ महिने शिप विकास सम्बन्धी तालिम सोमवार समापन भएको छ।

वीरगन्ज महानगरपालिकाका उप प्रमुख इम्तियाज आलमले तालिमको समापन गर्दै तालिमबाट सिप सिकेका महिलाहरू स्वरोजगार बन्न सक्ने हुदा सिपको सदुपयोग गर्न आग्रह गरे । उनले तालिमबाट आर्जन गरेको सिपले आय स्रोत बढाउन सकिने बताउदै हिजो लेवरमा काम गर्ने व्यक्तिहरु सोमवार तालिम प्राप्त भई राजमिस्त्री बनेको देख्दा आफूलाई खुशी लागेको बताए।

स्वरोजगार मुलुक तालिमले मानिसको जीवन परिवर्तन गर्ने बताउदै तालिम संचालन गर्ने आयोजक संस्थालाई धन्यवाद समेत दिएका थिए।

## २१ जना फरार अभियुक्त पक्राउ

मधेशदृष्टि , वीरगंज २३ माघ।
वडा प्रहरी कार्यालय श्रीपुर पर्साले एकै दिन २१ जना फरार अभियुक्तहरुलाई पक्राउ गरेको छ। पर्सा जिल्ला अदालतमा परेको मुद्दाको फैसलापछि फरार रहेका अभियुक्तहरुलाई फैसला कार्यन्वयनको लागि संचालन गरेको फरार प्रतिवादीहरुलाई पक्राउ गर्ने अभियान अन्तर्गत वडा प्रहरी कार्याल श्रीपुर पर्साबाट परिचालित प्रहरीको टोलीले आईतवार एकैदिन २१ जना फरार प्रतिवादीलाई पक्राउ गरेको वडा प्रहरी कार्यालय पर्साले जानकारी दिएको छ।

बिभिन्न मुद्धाका २१ जना फरार प्रतिवादीहरुलाई नगर क्षेत्रको बिभिन्न ठाउँबाट पक्राउ गरि पर्सा जिल्ला अदालतमा आवश्यक कारवाहीको लागि बुझाईएको वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षक डिल्लीराज सापकोटाले जानकारी दिएका छन। पक्राउ परेका २१ जनाले जरिवाना भुक्तान गरी रिहा पनि भएका छन् । फैसला कार्यन्वयन गरी समाजमा सुरक्षाको अनुभुती दिलाउन र अपराध गरि सकेपछि कोहि पनि तोकिएको सजाय नभोगी बस्न नसक्ने प्रहरी निरीक्षक सापकोटाले बताए। फैसला कार्यन्वयनका लागि फरार प्रतिवादीलाई पक्राउ गर्ने अभियानलाई निरन्तरता दिईने प्रहरी निरीक्षक सापकोटाले बताए।

## राष्ट्रिय सभाको उपाध्यक्षमा आर्याल निर्वाचित

मधेशदृष्टि, वीरगंज, २३ माघ।
पर्साकी महिला नेतृ एवं पूर्वमन्त्री उर्मिला अर्याल राष्ट्रिय सभाको उपाध्यक्षमा निर्वाचित भएकी छन।

सोमवार बसेको राष्ट्रिय सभाको बैठकले उनलाई उपाध्यक्षमा निर्वाचित गरेको हो। राष्ट्रिय सभाको उपाध्यक्षका लागि सत्ता पक्षबाट माओवादी केन्द्रिय सदस्य समेत रहेकी अर्याललाई उपाध्यक्षमा उठाउने निर्णय भएसँगै कांग्रेसले पनि अर्याललाई समर्थन गरेपछि उनी निर्विरोध निर्वाचित भएकी हुन। बैठकमा राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भनि एउटा मात्रै प्रस्तावको सूचना प्राप्त भएकाले राष्ट्रिय सभा नियमावली २०७५ को नियम ८ बमोजिम सभाका माननीय सदस्य उर्मिला अर्याललाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्विरोध निर्वाचित भएको घोषणा गरे । राष्ट्रिय सभाको अर्को बैठक सोमवारनै बसेको थियो।

## दुर्घटनामा शिक्षकको मृत्यु

मधेशदृष्टि, वीरगंज, २३ माघ।
पुर्व-पश्चिम् राजमार्ग अन्तर्गत रौतहटको धन्सार नजिक मोटरसाईकल अनियन्त्रित भई दुर्घटना हुँदा सर्लाही घर भएका एकजना शिक्षकको मृत्यु भएको छ। मृत्यु हुनेमा सर्लाही जिल्ला हरिवन नगरपालिका-७ का किरण घिसिङ लामा रहेको रौतहट ट्राफिक प्रमुख ईन्स्पेक्टर बिमलाकुमारी कठायतले जानकारी दिएका छन। आइतबार सांझ ६ बजे पुर्वबाट पश्चिम तर्फ जादै गरेको मधेश प्रदेश ०४-००१-प ३५५७ नम्वरको मोटरसाईकल आफै अनियंत्रित दुर्घटना भएको थियो। दुर्घटनामा गम्भिर घाईते भएका मोटरसाईकल चालक लामाको चन्द्रपुर हस्पिटलमा उपचारको क्रममा आईतवार राती ८ बजे मृत्यु भएको ईन्स्पेक्टर कठायतले बताए। मृत्यु भएका घिसिङ्ग बाराको निजगढ स्थित होलि एन्जल्स इङलिस बोर्डिङ स्कुलमा शिक्षकको रुपमा कार्यरत थिए । घटनाको सम्बन्धमा ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले थप अनुसन्धान गरिरहेको जनाएको छ।

## सर्पदंश उपचार केन्द्रलाई जेनरेटर

मधेशदृष्टि, वीरगंज, २३ माघ।
पर्साको ठोरी गाउँपालिकाद्वारा सर्पदंश उपचार केन्द्रलाई गाउँपालिकाको कार्यालयले जेनेरेटर हस्तान्तरण गरिएको छ।

ठोरी गाउँपालिका अध्यक्ष लाल बहादुर श्रेष्ठले सोमवार उपचार केन्द्रलाई जेनेरेटर हस्तान्तरण गरेका हुन। दैनिक रूपमा लाईन काटिने समस्या बढदै गएपछि फ्रीजमा राख्नुपर्ने औषधीहरुमा समस्या नआओस् भन्नका लागि गाउँपालिकाले जेनेरेटर उपलब्ध गराएको अध्यक्ष श्रेष्ठले बताए। जेनेरेटर बुझ्दै सर्पदंश उपचार केन्द्रका अध्यक्ष मान बहादुर श्रेष्ठले सहयोग उपलब्ध गराएकोमा गाउँपालिकालाई धन्यवाद ज्ञापन गरेका थिए।

## गाडीको ठक्करबाट बालिकाको मृत्यु

महोत्तरी, २३ माघ । महोत्तरीमा गाडीको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ।

मृत्यु हुनेमा महोत्तरीको लोहारपट्टी नगरपालिका-३ महदैयाकी ४ वर्षीया अंशु कुमारी सहनी रहेकी छिन्।

आइतबार लोहारपट्टीबाट जनकपुरधामतर्फ जाँदै गरेको बा १२ च ५९२४ नम्बरको गाडीको ठक्करबाट सडक पार गर्दै गरेकी बालिकाको घटनास्थलमै मृत्यु भएको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी सन्तोषकुमार पोखरेलले जानकारी दिए।

बालिकाको शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल जलेश्वरमा राखिएको र घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

## सम्पादकीय

# सहज बनाउँ डस्टी कार्गो आयात

नेपालका अधीकांश उद्योगहरु भारतबाट कच्चा पदार्थ ल्याएर उद्योग संचालन गर्दछन् । भारत बाहेकका अन्य मुलुकबाट आयात गर्दा पनि नेपालले भारतकै नाकाहरु प्रयोग गर्नुपर्दछ । नेपालको सबै भन्दा ठूलो व्यापारिक सम्बन्ध पनि भारतसँगै छ । नेपालको प्रमुख भंसार नाका रक्सौल हो । तर, पछिल्ला केही दिनदेखी विशेष गरी खुला कच्चा पर्दाथ, डस्टी कार्गो आयात गर्ने नेपालका उद्यमीहरु मर्कामा परेका छन् ।

भारतीय पक्षले गरेको प्रतिबद्धता अनुसार पूर्वाधार तयार नगर्दा डस्टी कार्गो आयात सकस बन्दै गएको हो । रक्सौल स्थित रेल्वे साइडिङ्गबाट ट्रकमा लोड गरि नेपाल आयात गरिने डस्टी कार्गोलाई भारतीय पक्षले एकिकृत जाँच चौकी हुँदै आयातित रुट सारेपछि डस्टी कार्गो आयात सकस बन्दै गएको अनुभव उद्यमीले गरेका छन् ।

भारतीय भन्सारको पटना कार्यालयले २०७९ असोज ३० देखि रक्सौल - वीरगंज नाकाबाट हुने सबै आयात निर्यात एकीकृत जाँच चौकी (आईसीपी) बाट मात्रै हुने भनेको थियो । त्यहीबेला देखि आयातमा समस्या देखिएका थिए । तर आयातकर्ता, भारतीय महावाणिज्य दुतावास तथा नेपाल स्थित भन्सार प्रशासकको पहलमा अढाई महिना समय थपियो । केही पूर्वाधारहरु तयार प्रतिवद्धता व्यक्त गरिएको थियो । अहिले अग्रेजी नयाँ वर्ष १ जनवर २०२३ पछि नयाँ रुटबाटमात्र कार्गो आउँने व्यवस्था भनिए पनि ८ जनवरी २०२३ बाट आईसिपि हुँदै डस्टी कार्गो आयात गर्ने काम औपचारिक रुपमा भइरहेको छ ।

एक महिनाको अनुभवले नेपालका उद्यमीहरु आर्थिक भार थपिएको , आयातमा समस्या देखिएको भन्दै मर्कामा परेको बताउन थालेका छन् । नयाँ व्यवस्था लागु भएपछि साँघुरो सडक, मानव वस्ती, तरकारी बजार, स्कुल, अस्पताल जस्ता संरचना भएकोले कार्गो ओसारसारमा समस्या हुन थालेको गुनासो गरिरहेका छन् ।

हाइवेदेखि भारतीय आईसिपिसम्म डेडिकेटेट लाइन दिने, भारतीय आईसिपि भित्र पनि डेडिकेटेड लेन दिने प्रतिबद्धताहरु पुरा नभएको उद्यमीको आरोप छ । सामान आईसिपिबाट ल्याउन भारतीय पक्षले विगत ६ महिना अघिदेखि दबाब दिदै आएको तर आवश्यक पूर्वाधार विकासलाई महत्व नदिएको नेपाली आयातकर्ता व्यापारीहरुको गुनासो छ ।

भारतीय पक्षले गरेको प्रतिबद्धता अनुसार आईसिपिमा ग्रिन लेन नदिएको कारणले रेल्वे साइडिङ्गबाट भारतीय आईसिपिसम्म पुग्न दुई दिनसम्म लाग्ने गरेको तथा विभिन्न स्थानमा अनावश्यक पैसा तिर्नु परेको भनाई पनि उनीहरुको छ ।

भारतीय पक्षले रक्सौल रेल्वे साइडिङ्गबाट सोझै भारतीय आईसीपीमा प्रवेश गर्ने नेपाली डस्टी कार्गो बोकेका सवारीलाई १० नम्बर गेट खुला गर्ने प्रतिबद्धता समेत जनाएको थियो । त्यो प्रतिवद्धता पनि कार्यान्वयनमा छैन । जसको कारण अन्य मालवाहक ट्रक तथा लरीसँगै कार्गो बोकेका टिपर पनि घण्टौं जाममा बस्नुपर्ने बाध्यता सृजना भएको छ । व्यवसायीहरुका अनुसार विगतमा एक रेल्वे ऱ्याक डस्टी कार्गो ढुवानी गरेर रक्सौलबाट वीरगन्जसम्म ल्याउन ३६ घण्टा लाग्ने गरेकोमा अहिले त्यत्तिनै काम गर्न ५ देखि ६ दिनसम्म लागि रहेको बताइन्छ ।

पूर्वाधार बिना जबरजस्ती गर्न खोज्दा समस्या उत्पन्न भएको देखिन्छ । उद्योगीहरुका समस्याबारे नेपाल सरकारले कुनै चासो देखाएको छैन । भंसार नाकामा उप्पन्न भएको समस्या दुई देशसँग जोडिएको मामला हो । दुबै देशका सरोकारवाला निकायले यस मामलालाई गंभिरतापूर्वक लिदै दीर्घकालिन समाधान दिनसक्नु पर्दछ । पुरानो रुटमा पनि स्थानीय विरोध नभएको होइन । ठूलो परिणाममा डस्टी कार्गो आयात हुने भएकोले त्यसै अनुसार सबैखालका पूर्वाधार विकास गर्नुपर्ने हुन्छ । स्थानीयको स्वास्थ सरोकार, वातावरणिय प्रभाव जस्ता विषय सम्बोधन गर्दे आश्यक पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिऔं । डस्टी कार्गो आयातमा देखिएका अवरोध हटाउँ। ˙ आयातलाई सहज बनाउँ ।

# छेउबाट रविभाई, बीचबाट खादा त हातमुख दुबै पोल्छ

*जनमत सरकारमा जाने होइन यदि जानै पर्ने भए स्वच्छ छवि भएकालाई पठाउन पर्ने हुन्छा सर्वोच अदालतले नागरिकता प्रकारणमा दोषि प्रमाणित गरिसकेको छ भने राहदानी प्रकारणमा झेलखान जाने प्रचुर सम्भावना भएका कारण लामिछानेलाई सांसद नहुँदा पनि मन्त्री चाहिएको हो भन्ने कुरा आम चर्चाको विषय बनेको छा राहदानी प्रकारणमा दोषि ठहरे भने उनी तीन वर्ष सम्म कुनै पनि निर्वाचनमा भाग लिन पाउने छैनन् ।*



**– सुरेन्द्र केसी**



कुनै बुढी आमैकहाँ राती बास बस्न एउटा पाहुना आउँछ। भात खाने बेलामा तातो भातको बीचबाट आत्था र आत्थु गर्दै खान थाल्छ।अनि बुढी आमैले तिमी त फलाना राजा वा राजाका गुरु जस्ता रहेछौ। सत्रुको बीचमा गएर लड्न थाल्ने। त्यसबाट हल्ला त धेरै होला तर जित्न त छेउबाट शुरु गर्न पर्छ। चाणक्य, शिवाजी, पृथ्वीनारायण शाहजस्ता दक्षिण एसियामा नायक भनिएका राजा वा राजगुरु सबैका पछाडि जोडिएको यस्तै बुढी आमाको कथा तपाईँले पनि सुन्नु भएको होला। उमेर र अनुभवका हिसाबले भर्खरै सत्ता छोडेका रवि लामेछानेलाई'भाई' भन्दै त्यही दन्त्यकथा सम्झाउन चाहन्छ, यो पंक्तिकार। तात्तातो दाल भात छेउबाट खान थालौ रविभाई, बीचबाट खान शुरु गर्दा त हात पनि पोल्छ मुख पनि। अहिले सायद त्यही भइरहेको छ।

यो पंक्तिकारले रविको लामो पत्रकार सम्मेलन छुटाएछ। तर उनको विगतका स्टन्ट हेर्दा त्यहाँ के भयो भन्ने अनुमान गर्न सकिन्छ। आफ्नो कानुनी लापरवाहीका कारण उत्पन्न परिस्थितिलाई उनले 'हामी काम गर्न चाहन्थ्यौ तर हामीलाई काम गर्न नदिन खोजियो' भनेर भाष्य स्थापित गर्न खोजे होलान। 'मलाई कानुन थाहा थिएन' 'कानुन अज्ञानता क्षम्य हुँदैन' भनेर आजका मितिमा मैले बुझे 'तपाईँ पनि कानुन मान्नुस' भन्ने अभिव्यक्ति दिए भनेत उनका पछाडि लागेका मानिसहरूबाट आजसम्म पाएको सहानुभूति खोसिइहाल्छ नि।

संघीय निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी चौथो स्थानमा स्थापित भयो। पार्टी गठन भएको करिब छ महिनामा बिस सिट जित्न सफल भयो। पार्टीका अध्यक्ष रवि लामिछाने आफ्नो राजनैतिक क्यारियर पत्रकारिताबाट सुरु गरेका हुन्। नेपाल त्याग गरी स्थाई रुपमा अमेरिका पलायन भएका लामिछाने अमेरिकामा नै रहदा विभिन्न बिवादमा मुछिएका कारण त्यहाँ बस्न नसकेर पुनः नेपाल फर्किएर पत्रकारिता सुरु गरे टेलिभिजन मार्फत। टेलिभिजनका कार्यक्रमहरू सञ्चालन गर्दा बिग हाउसका समाचारहरू आर्थिक लेनदेनमा समाचार प्रसार गर्ने वा नगर्ने भन्ने आरोप खेप्दै गर्दा आत्माहत्या प्रोत्साहन मुद्दामा वा हत्या आरोपमा हिरासतमा बस्न बाध्य भए। समय सापक्ष हिड्न सक्ने लामिछाने आम जनतामा नेताहरू प्रति नकारात्मक सोच बनाएका र स्थानिय निर्वाचनमा स्वतन्त्र ब्यक्ति निर्वाचित भएको देखि राजनीतिमा हाम फाल्ने निर्णय गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी गठन गरे। नेतृत्वमा पुग्न नसके पनि चर्चाको शिखरमा पुगिन्छ भन्ने सोचेका लामिछाने गृह एवं उपप्रधान बन्न सफल भए।

राजनैतिक नेतृत्व गर्ने वा नेता बन्छु भन्नेलाई गल्ति गर्ने छुट पटकै हुँदैन।यदि गल्ति भै हाल्यो भने आत्मसात गर्दै कानून अनुसार सजायको भागेदार हुन हिच्किचाउनु हुँदैन।यो पार्टीमा स्वच्छ छवि भएका प्रतिनिधिहरू नभयका होइनन्। जनमत सरकारमा जाने होइन यदि जानै पर्ने भए स्वच्छ छवि भएकालाई पठाउन पर्ने हुन्छ। सर्वोच अदालतले नागरिकता प्रकारणमा दोषि प्रमाणित गरिसकेको छ भने राहदानी प्रकारणमा झेलखान जाने प्रचुर सम्भावना भएका कारण लामिछानेलाई सांसद नहुँदा पनि मन्त्री चाहिएको हो भन्ने कुरा आम चर्चाको विषय बनेको छ। राहदानी प्रकारणमा दोषि ठहरे भने उनी तीन वर्ष सम्म कुनै पनि निर्वाचनमा भाग लिन पाउने छैनन। तसर्थ जानेर वा अन्जानमा भएको गल्तीलाई कानून सम्मत आत्मआलोचना गर्दै पाँच वर्ष जनताको पक्षमा आवाज उठाउने हो भने अर्को निर्वाचनमा मतदाताले नेतृत्वमा अवश्य पुर्याउने छन्।

रविले यहाँ बुझ्नु पर्ने कुरा के हो भने यस्तै खालका गल्ती गर्दा नै आजका नेताहरूले लोकप्रियता गुमाएका हुन। रविको उमेरमा अहिले शेरबहादुर, केपी ओली, प्रचण्डलगायत सबैले आगो ओकल्थे। उनीहरूको एक हुँकारमा हजारौ मानिस सडकमा उत्रिन्थ्ये। उनीहरूले नगरेको भए आज यो देशमा लोकतन्त्र हुन्थेन, गणतन्त्र हुन्थेन।

> “ नेपाल त्याग गरी स्थाई रुपमा अमेरिका पलायन भएका लामिछाने अमेरिकामा नै रहदा विभिन्न बिवादमा मुछिएका कारण त्यहाँ बस्न नसकेर पुनः नेपाल फर्किएर पत्रकारिता सुरु गरे टेलिभिजन मार्फत। टेलिभिजनका कार्यक्रमहरू सञ्चालन गर्दा बिग हाउसका समाचारहरू आर्थिक लेनदेनमा समाचार प्रसार गर्ने वा नगर्ने भन्ने आरोप खेप्दै गर्दा आत्माहत्या प्रोत्साहन मुद्दामा वा हत्या आरोपमा हिरासतमा बस्न बाध्य भए।


निरंकुशताको अन्त्य गर्न लामो इतिहास बोकेका छन् ठूला पार्टीहरूले। बि सं २०७२ को संविधानले मुलुकमा राजनैतिक स्थायित्वको परिकल्पना गरेको थियो, त्यो साकार भएन। यस्को प्रमुख कारण संविधान नभएर नेताका व्यक्तिगत स्वार्थ र तिनै नेताका दलगत स्वार्थले गर्दा नै राजनैतिक अस्थिरता जन्मिएको हो भन्नेमा दुइमत नहोला। २०६२/०६३ को परिवर्तन र २०७२ को संविधान पश्चात मुलुक जनता केन्द्रित हुनुपर्नेमा, दलहरू नेता कार्यकर्ता र आफ्नै दल केन्द्रित हुन पुगेका कारण आम जनतामा वितृष्ण पैदा हुन पुग्यो। संविधानको मर्मको त के कुरा लिखित रुपमा नै भएका व्यवस्थालाई समेत ठाडो उलङ्घन हुन थाल्यो। के शहिदहरूको बलिदान त्यसकै लागि थियो ? के समानुपातिक आफ्ना नातागोता, पैसाको भरमा पद बाढ्न थियो ? के चुनाबको टिकट राम्रा होइन हाम्रालाई दिनका लागि परिवर्तन गरिएको थियो ? के आफ्ना मानिसलाई भ्रस्टाचारबाट मुक्ति दिलाउनुलाई थियो ? हो जनताको अधिकार तिनै राजनैतिक दलले स्थापित गरेका हुन तर के ती दलहरूको लामो संघर्ष जनताका लागि नभै आफ्नो र आफ्ना भन्नेका लागि थियो ? जनता मालिक हुन दास होइनन् ।संसारको परिवरर्तित इतिहासलाई हेर्ने हो भने छिनभरमा नै ठूला दलको नामोनिसान बिलय भएका छन् । यी सबै पार्टी र नेताले गल्ती नगरेको भए न रवि जन्मिन्थे न रविको पार्टी। न उनको पार्टीले यति छिटो सत्ता पाउथ्यो। तर अहिले रवि पनि त्यस्तै गल्ती गर्दैछन्। लोकतन्त्रका खम्बा हुन स्वतन्त्र न्यायपालिका र प्रेस। निरङ्कुश हुन चाहनेले सबै भन्दा यिनलाई नै प्रहार गर्छ। हाम्रो समाजमा हाम्रो राजनीतिमा वा हाम्रो समग्र चिन्तनमा जस्तै स्वतन्त्र न्यायपालिका र प्रेसमा पनि केही समस्या छन् ।

तर औलामा रोग लाग्यो भन्दैमा मान्छेको औलै काट्ने त पक्कै होइन होला। यदि रवि र रविको पार्टी (यो ट्यागलाईनबाट छुटकारा पाउन रविको पार्टीले धेरै काम गर्न बाँकी छ) निरङ्कुशतामा विश्वास गर्दैन भने न्यायपालिका र प्रेसको स्वतन्त्रतालाई जोगाउने तिर लाग्नु पर्छ किनकी जिम्मेवार अभिव्यक्तिले लोकतान्त्रिक संस्कारलाई सवल बनाउने हो।सार्वजनिक जीवनमा सक्रिय हुने भए, प्रश्नको सामना सबैले गर्नुपर्छ, रवि न कानुनभन्दा माथि छन् न प्रश्नभन्दा माथि ।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# आर्थिक संकट भय लाग्दो बन्दैछ

*नाम मात्रको सरकार, नमच्चिने पिङको सय झटका बन्ने देखिन्छ । सय दिन नपुग्दै गर्भमै तुहिने पो हो कि भन्ने खतरा देखिदै छ । घृणीत राजनीति खेल, अस्वभाविक राजनीतिक अभ्यासबाट सरकार अनिर्णयको बन्दिमा रुपान्तरण हुन सक्दछ । यथास्थिति विरुद्ध जनता सडक संघर्षमा उत्रनै पर्ने बाध्यता आउन सक्दछ ।*



**– सुदर्शनराज पाण्डे**

मधेश प्रदेशको आठ वटै जिल्लामा वितरण भई रहेको उत्साही संचारकर्मी ध्रुव साहको अध्यक्षतामा प्रकाशित मधेश र मधेशी जनताको प्रमुख हकहितको लक्ष्य र ध्येयका साथ रंगीन कलेवरको मधेशदृष्टि राष्ट्रिय दैनिकले १०० दिन नपुग्दै पाठकहरुका बी( चमा स्तरीय र लोकप्रिय हुदै गएको उपलक्ष्यमा सबै प्रकारको बाधा व्यवधान, खुट्टा तानातानबाट मुक्त भएर पत्रकारिताको अविचल यात्रामा अग्रशर रहन सकोस भन्ने कामना सहित बधाई । स्तरीय पत्रकारिताकाले निरन्ता पाओस ।

प्रेस स्वतन्त्रता, स्वतन्त्र प्रेसको जति वकालत गरे पनि वर्गिय समाजमा विचार र पत्रकारिता पक्षधरताबाट अछुतो रहन सक्दैन । राजनीति र पत्रकारिताबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ । शासन सत्ता र ब्यबस्थाले देश र जनताको पक्षमा सर्वोपरी कर्तव्य निर्वाह गर्नसकोस भन्ने ध्येय आम पाठकह( रुको हुन्छ । जीविकोपार्जनको साधन मात्र होईन, यसको सामाजिक जिम्मेवारी र राष्ट्रिय उत्तरदायित्व हुन्छ । समाचार पत्रको आर्थिक मेरुदण्ड भनेको विज्ञापन हो । मधेश दृष्टि दैनिक समाचार पत्र अहिलेसम्म विज्ञापन विना नै कसरी चलिरहेको छ । आर्थिक अभावमा भोलीका दिनमा प्रकाशीत पत्रिक( ाले निरन्तरता पाउन सकेन भने पाठक र प्रकाशक दुबैका लागि दुखदायी समाचार बन्न पुग्दछ । मधेश दृष्टि दैनिकलाई दुखदायी क्षणले भन्दा खुशियाली क्षणले हरबखत पच्छयाई रहोस यसबाट मधेश र मधेशी जनताका लागि सदैव खुशीयाली छाई रहन्छ । समाचार पत्र समाजको दर्पण हो, देश र समाजमा विद्यमान सबै कुरा छर्लङ्ग पानृ सक्दछ । समाचार लुकाएर लुक्दैन, समाचारपत्रले देश र समाज उपयोगी सबै समाचारलाई स्थान दिनु पर्दछ । पाठक प्रतिक्रियालाई मार्ग निर्देशक मान्नु पर्दछ । खोजी पत्रकारिता, जनपक्षीय पत्रकारितामा अग्रणी भूमिका निर्वाह गर्न मधेश दृष्टिले सकोस भन्ने शुभ कामना । मधेश र मधेशी जनताको ढुकढुकी बनि रहोस मधेशदृष्टि दैनिक समाचार पत्र । समाचार पत्रले खेल र सम्पादकीयद्वारा सरकारी कमि कमज( ोरी असफलता, अकमण्या, अख्तियार दुरुपयोग, सबैखाले शोषण दमनको विरोध गर्दै सरकारको विपक्षी बनेर जनताको हित रक्षाका लागि कुनै पनि कसर बाँकी नराखि विपक्षीको भूमिका खेलेर 'वाच डग' का रुपमा दिन रात खडा रहन्छ ।

आज नेपाल आर्थिक संकटको चुनौतिमा छ । आर्थिक सुधार गरिने सरकारी निर्णयले मात्र आर्थिक सुधार हुदैन । तत्काल आर्थिक आवश्यक सुधार भएन भने निराशावादी शोषित, उत्पीडित आम नेपाली जनताको असन्तुष्टि र आक्रोशले सरकार, व्यवस्था परिवर्तन गर्न बल पऱ्याउँदा यथास्थितिमा परिवर्तन अहिलेको नितान्त जरुरी आवश्यकता चुनौती हो । वर्तमान व्यवस्थालाई दलाल पुँजीवादी संसदीय व्य( वस्था भनिन्छ । जति लामो श्वास लिए पनि दलाल पूँजीवादी संसदीय व्यवस्थाले आर्थिक संकटबाट पार लगाउन सक्दैन ।

समाजवादनोन्मुख व्यवस्था हुदै होईन । पाँच दलको गठबन्धन सरकार आफैमा एउटा समस्या हो । यस्को ठोस ध्येय र लक्ष्य केही छैन । नाम मात्रको सरकार, नमच्चिने पिङको सय झटका बन्ने देखिन्छ । सय दिन नपुग्दै गर्भमै तुहिने पो हो कि भन्ने खतरा देखिदै छ । घृणीत राजनीति खेल, अस्वभ( ाविक राजनीतिक अभ्यासबाट सरकार अनिर्णयको बन्दिमा रुपान्तरण हुन सक्दछ । यथास्थिति विरुद्ध जनता सडक संघर्षमा उत्रनै पर्ने बाध्यता आउन सक्दछ ।

भन्सार छलि मौलाएको छ । खानी जन्य उद्योग सबै बन्द छन् । प्राकृतिक साधन श्रोतको व्यापक दोहन भयो भनेर गिट्टी, बालुवा, ढुङ्गा ओसार पसार बन्द गरेपछि कार्यरत हजारौ मजदुरको परिवार भोक भोकै रहन बाध्य छन । मधेशका सीमावर्ती बजारमा तस्करी धन्दा बढनाले भन्सार राजस्व ह्वातै घटेको छ । आयात व्यापारको व्यापक बृद्धि भएको छ, निर्यात व्यापार शुन्यमा झरेको छ । चौतर्फी समस्या देखिएको छ, समाधान छदै छैन । यतिखेर लेखेर बोलेर, समाचार सम्प्रेषण गरेर विद्यमान समस्या समाधान र यथास्थितिमा सुधार परिवर्तन केही हुनसक्दैन । राजनीतिक गठबन्धनबाट बनेको पुष्पकमल दहाल (प्रचण्ड) नेतृत्वको सरकार आफै किं कर्तव्य विमुढको अवस्थामा देखिन्छ । काग कराउदै छ, पिना सुक्दैको अवस्थाबाट पार लगाउन कुनै चमत्कारिक कार्यनीति र रणनीति सरकारसँग छैन । प्रचण्ड सरकार समस्याले ग्रसित विना पिंधको लोटा बनि सकेको छ ।

सँचार माध्यम र विपक्षी जनताहरुले गरेको आलोचना, टिप्पणीबाट आवश्यक निष्कर्ष आउन सक्ने देखिदैन । सरकारले अहिलेसम्म दिएको निर्देशन 'हिडदैछ पाइला मेटिदै छ' बनेको छ, कार्यान्वयन, कामयाव केही छैन । गृहमन्त्री रवि लामिछाने प्रकरणले अनावश्यक रुपमा काम गर्न सक्ने समय खेर गएको छ । राजनीतिक समस्या देखिएपछि कुनै समस्या समाधान हुने कुरै भएन । तलबदार जनप्रतिनिधि र सरकारी कर्मचारीले खाने मासिक तलब भत्ता नपाउने अवस्थाले चर्को आर्थिक संकट मात्र होईन उग्ररुप खडा हुने देखिन्छ । चर्को मुल्य बृद्धि जनताले सहन सक्दैनन् ।


आर्थिक संकट टार्न रोजगारी पाईरहेका कर्मचरी कटौती गरिदैछ । उत्पादित वस्तुहरु बिक्री नभएपछि उद्योगहरुको आधा क्षमता सँगै मजदुर कटौती भई रहेका छन् । विकास निर्माणको काम प्राय ठप्पै छ । शहरमा मध्यम वर्गीय परिवारले आर्थिक संकटको ठूलो मार खेपी रहेका छन् । परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्नसक्ने आर्थिक संकटबाट पीडित मध्यम वर्गीय जनता सडक तताउने तयारीमा संगठित हुदैछन् । देशैभर जलवायु परिवर्तनको असर प्रभाव बढी रहेको दुष्परिणाम आउने संभावना देखिन्छ ।

विदेशी राष्ट्रबाट आउने ऋण र अनुदान आउन नसक्नु । सर्व सुचित रकम रित्तिदै जानु, बैंकह( रुको बैंक नेपाल राष्ट्र बैंकले आर्थिक संकटको खतराको घण्टीले गठबन्धन सरकारको आयु बढा( उने काम होईन घटाउने काम गर्दैछ । बैंक तथा वित्तिय संस्थाले गरेको ब्याजदर विरुद्ध उद्योगपति व्यापारीको सरकार विरोधी आन्दोलन जारी छ, पीा( डतहरु सबै आन्दोलनरत हुने अवस्था स्पष्ट देखा परेको छ ।

# नेपाल र जापानको राजनीति केन्द्रित सेमिनार सुरु

काठमाडौँ, २३ माघ
नेपाल र जापानको राजनीति केन्द्रित दुई दिने सेमिनार सुरु भएको छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गतको नेपाल तथा एसियाली अनुसन्धान केन्द्र (सिनास) र जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को संयुक्त आयोजनामा 'नेपाल र जापानको राजनीति, राजनीतिक दल र आवधिक निर्वाचन'का विषयमा आजदेखि यहाँ सेमिनार सुरु भएको हो ।

सेमिनारको उद्घाटन सत्रमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति डा धर्मकान्त बाँसकोटाले नेपाल जापानको सम्बन्ध र नेपालको विकासमा जापानले गरेको सहयोगका विषयमा जानकारी गराउनुभएको थियो । उहाँले नेपाल र जापनबीचको सम्बन्ध विगतदेखि नै सुमधुर रहँदै आएको बताए । सिनासका कार्यकारी निर्देशक मृगेन्द्रबहादुर कार्कीले नेपालले जापानको राजनीति र आर्थिक विकासबाट धेरै कुरा सिक्न सकिने बताएका थिए । सोमवारदेखि सुरु सेमिनारमा राजनीतिक अस्थिरताकाबीच पनि जापानको आर्थिक विकासका विषयमा छलफल हुनेछ ।



नेपालका लागि जाइकाका प्रतिनिधि ओकुबो अकिमित्सुले जापान-नेपालको आपसीसम्बन्ध र जाइकाले नेपालमा गरेको सहयोगका विषयमा चर्चा गरेका थिए ।

सेमिसनारमा दुई देशको राजनीतिक अवस्था, आवधिक निर्वाचन, आर्थिक र राजनीतिक परिवर्तनका विषय केन्द्रित बहस हुनेछ ।

सिनासका कार्यकारी प्रमुख कार्कीका साथै जापानको टोकियो विश्वविद्यालयबाट कार्यपत्र प्रस्तुत हुनेछ ।

यसका साथै सम्बन्धित विषयमा अध्ययनरत विद्यार्थीले नयाँ आयामका सन्दर्भमा कार्यपत्र प्रस्तुत गर्ने त्रिभुवन विश्वविद्यालयका एसोसिएट प्रोफेसर रत्नमणि नेपालले जानकारी दिए । रासस

# नेप्से परिसूचकमा सामान्य अंकको वृद्धि

काठमाडौँ, २३ माघ
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सामान्य अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव ५७ अङ्कले उकालो लागेर दुई हजार एक सय दशमलव ६५ मा पुगेको छ । यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ७६ अङ्कले उकालो लागेर चार सय दुई दशमलव शून्य एकमा पुगेको छ ।



कारोबार भएका कूल १३ उपसमूहमध्ये पाँच उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा आठ उपसमूहको शेयर मूल्यमा भने वृद्धि भएको छ । कूल ३९ लाख २२ हजार दुई सय १६ कित्ता शेयर रु एक अर्ब ४७ करोड ४१ लाख ६१ हजार छ सय ४५ मूल्यमा कारोबार भयो ।

कारोबारका आधारमा एनआइसी एशिया बैंक शीर्ष स्थानमा छ। सो बैंकको रु छ करोड ४५ लाख ७३ हजार बराबरको कारोबार भयो । यस्तै युनिभर्सल पावर कम्पनी र पाँच करोड ३५ लाख ७९ हजार नेपाल लाइफ इन्स्योरेन्स रु चार करोड ८९ लाख ६० हजार नौ सय ३२, हिमालयन डिस्टिलरी रु चार करोड ७७ लाख सात हजार पाँच सय एक र आशा लघुवित्त रु चार करोड तीन लाख ७३ हजार नौ सय बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार आदर्श लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि भई सकारात्मक सर्किट लागेको छ । माहुली लघुवित्त पाँच दशमलव ५१, युनिभर्सल पावर चार दशमलव ९९, सिभिल लघुवित्त चार दशमलव शून्य पाँच र सर्पोट माइक्रोफाइनान्सका लगानीकर्ताले तीन दशमलव ८४ प्रतिशतले कमाएका छन् ।

यस्तै लक्ष्मी बैंकको ऋणपत्र नौ दशमलव ५८, बाराही हाइड्रोपावर चार दशमलव ६७, मिथिला लघुवित्त तीन दशमलव ८५, ग्लोबल आइएमई व्यालेन्स फण्ड एक तीन दशमलव ७५ र आरबिबी म्युचुअल फण्ड एकका लगानीकर्ताले तीन दशमलव ४३ प्रतिशतले गुमाएका छन् । रासस

# निकुञ्जमा सफारी सुरु हुँदा पर्यटन व्यवसायी उत्साही

त्रिवेणी, २३ माघ
नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरबाट चितवन राष्ट्रिय निकुञ्जमा जिप सफारी सुरु भएसँगै यहाँका पर्यटन व्यवसायी उत्साही बनेका छन् । यसअघि नारायणी नदी वारी रहेका जिल्लाका मध्यवर्ती सामुदायिक वनमा पर्यटकीय गतिविधि सञ्चालन गर्दै आएका पर्यटन व्यवसायी नवलपुरबाट निकुञ्ज क्षेत्रमा जिप सफारी सुरु भएपछि उत्साही बनेका हुन् ।


जङ्गल सफारीमा आउनेलाई नारायणीमा डुङ्गा शयरसहित निकुञ्ज क्षेत्रमा जिप सफारी गराउँदा पर्यटकको संख्या बढ्ने भएपछि आफूहरु उत्साही बनेको कावासोतीका पर्यटन व्यवसायी धनिराम गुरौले बताए । पहिले मध्यवर्ती क्षेत्रमा पर्ने सामुदायिक वन घुमाउने गरिन्थ्यो, अहिले निकुञ्जमा पनि घुम्न पाइने भएपछि यहाँ आउने पर्यटक बढेका छन, उनले भने ।

नवलपुर पर्यटन समितिका अध्यक्ष फंसराम महतोले गतवर्ष मध्यवर्ती सामुदायिक वनमासमेत जिप सफारी बन्द गरिएकोमा अहिले निकुञ्जले नारायणी पारी सफारी गर्ने अनुमति दिएपछि जिल्लामा पर्यटकीय गतिविधि बढ्ने बताए । हामी खुसी छौँ, यहाँको पर्यटकीय गतिविधि चलायमान गराउन यो कदमले सहयोग पुग्नेछ, अध्यक्ष महतोले भन्नुभयो । उनका अनुसार यही माघ ११ मा चितवन राष्ट्रिय निकुञ्जले सबै होटल तथा व्यवसायीका लागि नवलपुरको अमलटारी पोस्टबाट पनि निकुञ्ज प्रवेशको अनुमति दिएको छ । यसअघि होटल टेम्पल टाइगर र थारू भिलेजले मात्रै पर्यटक लैजाने अनुमति पाएका थिए । अब अमलटारीबाट गैंडाखासा, देवीताल, टाइगर टप्सको रुट तथा गोही प्रजनन केन्द्रसम्म आउजाउ गर्न सकिने भएपछि यस क्षेत्रमा आर्थिक, पर्यटकीय गतिविधिमा वृद्धि हुने प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले बताए ।



शनिबार प्रजिअ लम्सालले सफारीको उद्घाटन गर्दै नवलपुरबाट निकुञ्जभित्र जीप सफारी सुरु भएपछि विदेशी पर्यटकको आगमन हुनुका साथै यहाँको संस्कृतिको समेत प्रचार हुने बताए । नवलपुर पर्यटन समितिले औपचारिक कार्यक्रमकाबीच शनिबार निकुञ्जमा सफारीको सुरुआत गरेको थियो । नवलपुर क्षेत्रबाट प्रतिदिन पाँच वटा जिपमा १० जना निकुञ्ज प्रवेश गर्न पाउनेछन् । होटल तथा पर्यटन व्यवसायीले 'फस्ट कम फस्ट सर्भिस'का आधारमा अनुमति पाउनेछन् । हात्ती सफारी भने मध्यवर्ती क्षेत्र र सामुदायिक वन क्षेत्रमा मात्र अनुमति छ । निकुञ्जमा जिप सफारी खुला भएसँगै नवलपुरको पर्यटन व्यवसायमा टेवा पुग्ने यहाँका पर्यटन व्यवसायीको विश्वास छ ।रासस

# विद्युतीय बस सञ्चालनबारे आशयपत्र माग



काठमाडौँ, २३ माघ
काठमाडौँको चक्रपथभित्र विद्युतीय बस सञ्चालनको सम्भाव्यता अध्ययन गर्न लगानी बोर्डको कार्यालयले दोस्रोपटक आयशपत्र माग गरेको छ। चक्रपथ विद्युतीय बस र्‍यापिड ट्रान्जिट (इबीआरटी) आयोजनाको विकास, सञ्चालन र व्यवस्थापनका लागि सम्भाव्यता अध्ययन गर्न यसअघि आह्वान गरिएको आशयपत्र रद्द गर्दै लगानी बोर्डको कार्यालयले दोस्रोपटक आशयपत्र माग गरेको हो ।उक्त आयोजनाको सम्भाव्यता अध्ययनका लागि यसअघि गत मङ्सिर २६ गतेसम्म आशयपत्र पेस गरिसक्ने गरी ३५ दिने सूचना जारी भएको थियो । त्यो बेला माग गरिएको आशयपत्रमा केही कम्पनीले भौतिक रुपमा प्रस्ताव हालेपछि दोस्रोपटक आशयपत्र मागको सूचना जारी गरिएको लगानी बोर्डको कार्यालयले जनाएको छ । लगानी बोर्डले जारी गरेको आशयपत्रसम्बन्धी सूचना सार्वजनिक खरिद निर्देशिकामा भएको व्यवस्थाभन्दा फरक परेपछि रद्द गर्नुपरेको लगानी बोर्डका इञ्जिनीयर निशा त्रिपाठीले जानकारी दिनुभयो ।

अघिल्लो सूचनाका आधारमा केही प्रस्तावकले प्रस्तावको हार्ड कपि दर्ता गराउन ल्याए । लगानी बोर्डले दर्ता पनि गर्‍यो । तर मूल्याङ्कन समितिले त्यसलाई विद्यमान कानुन र सार्वजनिक खरिद निर्देशिका बमोजिम भएन भनेपछि दोस्रोपटक आशयपत्र माग गरिएको हो, इञ्जिनीयर त्रिपाठीले भन्नुभयो । विद्युतीय माध्याम (इ-बिडिङ) बाट आशयपत्र माग भएकाले प्रस्ताव पनि विद्युतीय माध्यमबाटै आउनुपर्ने भन्दै अघिल्लो प्रस्ताव रद्द गरेर नयाँ प्रस्ताव आह्वान गरिएको उहाँको भनाइ छ ।

आयोजनाको सम्भाव्यता अध्ययनका लागि अघिल्लो पटक १३ वटा प्रस्ताव परेको बोर्डको कार्यालयले जानकारी दिएको छ । बार्डले माघ १८ गते अघिल्लो आशयपत्र रद्द गर्ने निर्णय गरेको थियो भने आइतबार पुनः आशयपत्र माग गरिसकेको छ । दोस्रोपटक पनि ३५ दिन समय राखेर सूचना जारी भएको छ। बोर्डको कार्यालयले उपलब्ध गराएको आयोजनासम्बन्धी विवरणअनुसार चक्रपथको २७ दशमलव तीन किलोमिटरमा विद्युतीय बस सञ्चालनका लागि छुट्टै लेन बनाउने र आवस्यक पूर्वाधार तयार पार्न १८ महिनाभित्रमा सम्भाव्यता अध्ययन सकिसक्नुपर्नेछ ।

यो आयोजनाका लागि सार्वजनिक-निजी साझेदारी (पीपीपी) अवधारणामा लगानी जुटाएर निर्माण-सञ्चालन र हस्तान्तरण ढाँचा (बुट मोडल) मा अघि बढाउने बोर्डले जनाएको छ। आयोजनासम्बन्धी विवरणअनुसार चक्रपथमा ७० देखि ७५ वटासम्म विद्युतीय बस सञ्चालन गर्न साँढे सातदेखि आठ मिटरसम्म चौडाइका दुईवटा डेडिकेटेड लेन बनाउन सम्भाव्यता अध्ययन गरिनेछ । त्यस्तै, विद्युतीय बस सञ्चालनलाई २६ देखि ३० वटासम्म बस टर्मिनल, ३० वटा चार्जिङ स्टेसनलगायत अन्य पूर्वाधार बनाउन अध्ययन गरिने उल्लेख छ । विद्युतीय सवार 'साधन सञ्चालन गर्न तयार पारिने डेडिकेटेड लेन बनाउन राइट अफ वेको जग्गा अधिग्रहण सरकारले गर्नेछ भने आयोजनाको सुरक्षाको जिम्मेवारी पनि सरकारले लिनेछ ।रासस

# बारामा रहेको रिलायन्स चिनी मिलको बदमासी किसानहरुलाइ दुःख दिदै

आरके श्रीवास्तव
गरुडा,२३ माघ । बारा जिल्लाको जैतापुर मनहर्वामा रहेको रिलायन्स चिनी मिलको बदमासी देखिएको छ ।

रौतहटमा रहेको श्री बाबा बैजुनाथ चिनी मिलबाट उँखु काट्नको लागि लगेको आर्वेष्टर मेसिन कब्जामा लिएको छ । जिल्ला प्रशासन कार्यालयको आडमा मिल सञ्चालक राजु गाडियाले प्रहरी सँग सेटिङ्गगरी मेसिन नियन्त्रणमा लिन लगाएका हुन् । उक्त भेगका किसानहरुलाइ चलान पुर्जी नदिएपछि किसानहरु रौतहटको कटहरिया नगरपालिकामा रहेको चिनी मिलमा उँखु दिनको लागि उक्त मेसिन लगेका थिए ।

अनाहकमा किसानहरुलाइ दुःख दिइरहेका स्थानियवासीहरुको भनाई छ ।

चिनी मिलबाट चलान पूर्जा पाउने आशमा बसेको महिनौ भइसकदा पनि किसानहरुले अहिलेसम्म पनि चलान पूर्जा पाएका थिएन् । उखु रोप्ने बेलामा चिनी मिलका जेटीएले चलानको कुनै समस्या हुँदैन ढुक्क भएर खेती गर्नुस् भनेर आश्वासन दिए ।

किसान ध्रुव्र राय भन्छन्, 'तर अहिले चलान पुर्जी नपाउँदा खेतमै उखु छिप्पिएर सुक्न थालेको महिनौं भइसक्यो, उ बेला आश्वासन दिएका जेटीए पनि बेपत्ता छन् ।' अहिले छिमेककी जिल्लाको चिनी मिलका मालिकसँग भनसुन गराई चलान पूर्जी लिएर उखु बेचन लाग्दा रिलायन्स चिनी मिलले दुःख दिइरहेका छन् ।

गत वर्ष उखु कृषकहरुले रिलायन्स चिनी मिलले उखु नलिदा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा उखुको क्षतीपूर्तीको लागि ज्ञापनपत्र बुभाएका थिए । किसानहरुले प्रदशैन समेत गरेका थिए। तर कुनै किसिमको सुनवाइ भएको थिएन् ।

त्यसैले यसपाली किसानहरु छिमेकी जिल्लाको चिनी मिलमा बेच्ने निधो गरेका थिए । जिल्ला प्रहरी कार्यालय बाराको आडमा उखु किसानहरुलाइ दुःख दिने काम भइरहेको किसानहरुले आरोप लगाएका छन् ।

बाराको कलैया उपमहानगरपालिकाको मनहर्वामा रहेको रिलायन्स सुगर एन्ड केमिकल इन्डष्ट्रिज प्रालिको लापर्बाहीका कारण हजारौं उखु कृषक मारमा परेका छन् । रिलायन्स चिनी मिलले उखुको चलान पुँजी उपलब्ध नगराएका कारण त्यस भेगका उखु किसान समस्यामा परेका हुन् ।

उँखु कृषक राजेन्द्र प्रसाद साह भन्छन्,'गत वर्ष ६ बिगहा क्षेत्रफल जग्गामा लगाइएको उँखु समयमा चलान पुर्जी नपाउँदा खेतमै उखु सुकेर दाउरा बनाउनु पर्यो ।

यसपाली अन्य मिललाइ उखु बेच्न लाग्दा अनावश्यक दुख दिइरहेका छन् । यस प्रति सम्बन्धित निकायको ध्याकर्षण समेत कृषकहरुले गराएका छन् ।

# नन्द भाउजुको सेलरोटी उद्यम

टङ्गीसिनवारी, २३ माघ
इटहरी उपमहानगरपालिका-२ का अम्बिका सुवेदी र रिता मिश्रलाई सेलरोटी पकाउने सोख थियो । नाताले सुवेदी नन्द र मिश्र भाउजु छन । सेलरोटी बनाउन जान्ने उनीहरुलाई घरमा वा छिमेकमा केही परे सेलरोटी पकाउने जिम्मा आइलाग्थ्यो । उनीहरु पनि आइलागेको जिम्मेवारी झर्को नमानी पूरा गरिदिन्थे ।

विसं २०७३ सालमा उनीहरु सदस्य भएको 'मायाको घर' संस्थाको वार्षिकोत्सवमा सहभागीलाई के खुवाउने भनि पदाधिकारीबीच छलफल हुँदा नन्द भाउजुले सेलरोटी पकाएर खुवाउने जिम्मा लिए । वार्षिकोत्सवका सहभागी सबैले उनीहरुले पकाएको सेलसोटी औधी मीठो मानी खाए । सेलरोटीको स्वादका चर्चा इटहरी बजारमा फैलियो । वार्षिकोत्सवमा सहभागी भएका एकले आफ्नो घरमा पूजा रहेको भन्दै सोही समयमा एक सय वटा सेलरोटीको अर्डर दिए । नन्द, भाउजुले भोलिपल्ट सय सेलरोटी पकाएर सहभागीको घरैमा पुर्‍याए । सेलरोटीको प्रसंशा त्यहाँ पनि भयो । यो



उहाँहरुको व्यावसायिक सुरुवात थियो । त्यसपछि इटहरी, धरान र विराटनगरका विभिन्न ठाउँबाट पूजाआजा, व्रतबन्ध, पास्नीका लागि अवसरमा सेलरोटीको अर्डर आउन थाल्यो ।

इटहरी, धरान र विराटनगरका सुपरमार्केटले पनि नन्द, भाउजुले पकाएको सेलरोटी खोज्न थाले । नन्द, भाउजुले सोखका रूपमा थालेका सेलरोटीले विस्तारै व्यवसायको रूप लियो । उहाँहरुले यसका लागि कम्पनी दर्ता गरे र सेलरोटी पकाउँदै बिक्री गर्न थाले ।

उनीहरुले अहिले 'अर्गानिक चन्द्रमा कोशेली तथा मसला उद्योग'मार्फत् सेलरोटी पकाउँदै आएका छन । यसका लागि पाँच जनाले जागिर पाएका छन् । सेलरोटी पकाउने काममा मात्र सीमित नभएर नन्द भाउजुको जोडीले उद्योगको दायरा फराकिलो बनाउँदै लगे । हाल उनको कम्पनीमा अनर्सा, सुत्केरी मसला, बेसार, मसौरा, मकैको चामल, जौ चना मिश्रित सातुको पनि उत्पादन भइरहेको छ ।

हाल विराटनगर-२ स्थित शङ्करपुरमा आयोजना गरिएको 'सिएनआइ एक्स्पो-२०७९'मा पनि उनीहरुले स्टल राखेका छन । स्टलमा पकाएको सेलरोटी चाख्न उपभोक्ताको बाक्लो भिड देख्न सकिन्छ । एक्स्पोमा नन्द र भाउजुले दैनिक पाँच सयदेखि आठ सय सेलरोटी बिक्री गर्दै आएका छन । एउटा सेलरोटीलाई रू ३० मा बिक्री गर्छन । भाउजु रिता मिश्रले संस्थामा खाजाका रूपमा पकाएर बाँडिएको सेलरोटीले आफूलाई उद्यमी बनाएको बताउछन ।

उनले सेलरोटीको अर्डर अत्यधिक हुन थालेपछि उद्योग खोलेर काम सुरु सुरु गरेको बताउनुभयो र गरेको बताउछन । अन्य खाद्यान्न सामग्रीसँगै उत्पादनको काम पनि थालेको बताए । मिश्रका अनुसार उहाँहरुले हाल दैनिक तीन हजार सेल पकाउने र यसबाट सबै खर्च कटाएर मासिक ५० देखि ६० हजारसम्म बचत हुन्छ ।

सीमित जनशक्तिका कारण उत्पादन विस्तार गर्न अझै नसकिएको उहाँको भनाइ छ । मिश्रले उधारोमा सामान लिने अनि समयमै पैसा नतिर्ने कतिपयको प्रवृत्तिका कारण समस्या भएको बताए । रासस

# पूर्वाधारका क्षेत्रमा लगानी गर्ने विषयमा छलफल

काठमाडौँ, २३ माघ
उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्री नारायणकाजी श्रेष्ठ र एशियन इन्फ्रास्ट्रक्चर इन्भेष्टमेन्ट बैंकबीच नेपालमा पूर्वाधारका क्षेत्रमा लगानी गर्ने विषयमा छलफल भएको छ ।

बैंकले पूर्वाधारको क्षेत्रमा लगानी गर्न चासो देखाएपछि छलफल गरिएको मन्त्रालयले जनाएको छ । बैंकका प्रतिनिधिले उपयुक्त परियोजनाको छनोट गरेर लगानी गर्ने बताएका छन् । भेटमा उपप्रधानमन्त्री श्रेष्ठले बैंकको अनुदानमा पूर्वाधार निर्माणको सम्भावनाका विषयमा जिज्ञासा राखेका थिए । उनले बैंकका प्रतिनिधिसमक्ष सरकारको लक्षित योजनामा लगानी गर्न आग्रह गरेका थिए ।



बैठकमा मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक अर्जुनजङ्ग थापा, सहसचिव शिव नेपाललगायत सहभागी थिए ।रासस

# दुइ महिनापछि बत्ती बल्यो



घनश्याम बलम्पाकी
सर्लाही, २३ माघ।
सर्लाहीको बरहथवा नगरपालिका-११, हीरापुरमा दुई महिनापछि बत्ती बलेको छ।
यसअघि ग्रामीण विद्युतीकरणअन्तर्गत विशेश्वरनाथ सामुदायिक ग्रामीण विद्युत् सहकारी संस्थाले बक्यौता रकम बुझाउन नसक्दा नेपाल विद्युत् प्राधिकरणले गएको मंसिर २७ गतेदेखि सो गाउँमा बत्ती काटेको थियो।
प्राधिकरणले लाइन काटेपछि सो वडाको हीरापुर, हीरापुर ब्यारेज र खोरकट्टी गाउँका वासिन्दा दुई महिनादेखि अन्धकारमा बस्नुपरेको थियो।
सहकारीको नाममा रहेको १३ लाख २६ हजार ३४ रुपियाँ बक्यौता रकम बरहथवा नगरपालिकाले तिरिदिने भएपछि प्राधिकरणले आइतबार रातिबाट बत्ती छाडेको हो।
गाउँमा अब ग्रामीण विद्युतीकरण हटाएर सोझै प्राधिकरणमार्फत मिटर राख्ने र बिल काट्ने व्यवस्था मिलाइएको बरहथवा नगरपालिका ११ का वडाध्यक्ष नवराज राईले जानकारी दिए।



धनगढीको पार्कमोड नजिकै सोमबार प्याजका बेर्ना बिक्रीका लागि ग्राहकको पर्खाइमा बसेका व्यापारी। तरकारीका बेर्ना बिक्री गर्न फुटपाथ पसल खोलेर बसेका यी भारतीय व्यापारी यहाँ जमिन लिजमा लिई विभिन्न जातका तरकारीका बेर्ना उमारेर बिक्री गर्ने गरेको पाइन्छ। तस्बिर : तिलकराज ओझा/रासस

# प्राङ्गिक खेतीमा फर्कँदै किसान

महोत्तरी, २३ माघ
खेतीको ठिक्क समयमा रासायनिक मल, बीउ र किरा नियन्त्रण गर्ने विषादी बजारमा नपाउँदा दिक्क भएका यहाँका किसान परम्परागत प्राङ्गारिक खेतीतर्फ फर्कँदैछन्। केही दशकअघि स्थानीय साधनस्रोतको प्रयोगले गरिने खेती दिगो हुने निष्कर्षसाथ जिल्लाको उत्तरी क्षेत्रका किसान परम्परागत प्राङ्गारिक खेतीतर्फ चासो बढाउन थालेका हुन्।
बर्दिबास नगरपालिका-९ पशुपतिनगरका तरकारी उत्पादक किसान रामविनोद महतोले पाँच वर्षयता रासायनिक मल, किरा नियन्त्रण गर्ने विषादी र भारतीय बीउ प्रयोग गर्न छाडे। मल, बीउ र किरा नियन्त्रणका औषधि आफैँ बनाउँछु, महतो भन्छन आफैँले उत्पादन गरेको बीउबाट उत्पादित फसल पौष्टिक, प्राकृतिक स्वादको र सुपाच्य हुन्छ। प्राङ्गारिक खेतीपछि आफ्नो उत्पादन उपभोक्ताको पहिलो रोजाइमा पर्ने गरेको उनको भनाइ छ।
तरकारी, तेलहन र उखुलगायतका नगदेबाली लगाइने जिल्लाको उत्तरी क्षेत्रका गाउँ/नगर बस्तीमा परम्परागत खनजोत र प्राङ्गारिक मलको प्रयोगबाट प्रशस्त उत्पादन हुन थालेको किसानको भनाइ छ। हरियो सागसब्जी र अन्य तरकारी बालीमा विषादीको प्रयोगले जनस्वास्थ्यमै प्रतिकूल असर पर्न थालेपछि सोको प्रयोग छाडिएको भङ्गाहा-४ रामनगरका किसान नारायण दाहाल बताउछन। दाहालले वरपर पाइने वनस्पति र गाईको गहुँतबाट बालीमा लाग्ने किरा नियन्त्रणका औषधि बनाउछन।
बालीमा किरा लाग्ने र लाग्नसक्ने अवस्था सोचेर चरणचरणमा प्रयोग गरिने किटनाशक औषधि आफैँ बनाउँछु, दाहाल भन्छन सुरुका वर्ष किरा नियन्त्रणमा धेरैपटक औषधि प्रयोग गरेपनि क्रमशः यसको प्रयोग घटाउँदै लगिएको छ। यी औषधि विषादी नभएको स्पष्ट पार्दै यी ‘नाशक’ पनि नभएर ‘नियन्त्रक’ मात्र रहेको उनको भनाइ छ। प्रकृतिमा सबै किटपतङ्गको आआफ्नै महत्व रहेको हुँदा आफ्नो उद्देश्य तिनलाई मार्ने नभई बालीबाट भगाउने मात्र रहेको दाहाल बताउछन।
दाहालले आफूले बनाएका औषधिको नाउँ पनि धर्मग्रन्थबाटै रोजेका छन। हेर्नोस् यो अग्न्यास्त्र, यो ब्रह्मास्त्र..! गाईको गहुँतमा विभिन्न वनस्पतिको झोल मिसाएर किरा नियन्त्रणका लागि बनाएको औषधिबारे दाहालले भने ,सागसब्जीमा लाग्नेलाई (एक खालको किरा) र अन्य किरा नियन्त्रण गर्न यी औषधि ‘रामवाण’ छन्। निम, रिठ्ठा र बगण्डीसहितका वनस्पति किट नियन्त्रण गर्न बनाइने औषधिका कच्चा सामग्री हुन्। गुइँठा, चिपरी र गोरहाको खरानी पनि बालीमा लाग्ने किरा भगाउन सकिने दाहालको भनाइ छ।
झारपतिङ्गर, त्यतिकै मिल्किएका फोहर, मल बनाउन नै खेती गरिने ढैंचा (एक प्रकारको वनस्पति) र घरपालुवा गाईबस्तुको गोबर तथा बाख्राको बड्कुला मल बनाउन प्रयोग गर्न सकिने दाहालका छिमेकी धनेसी महतो बताउनुहुन्छ। यस्तो मलले माटोलाई उर्बर बनाइराख्ने र वर्षैपिच्छे मात्रा केही घटाउँदै लान सकिने भएकाले प्रभावकारी बनेको किसान चन्देश्वर राय दनुवारको भनाइ छ।बालीलाई मल चाहिने बेला रासायनिक मलको हाहाकार हुने र तिनको गुणस्तरको यकीन नहुँदा उत्पादनमा प्रतिकूल असर पर्नेसँगै परनिर्भरता बढाएकाले आफूहरु परम्परागत प्राङ्गारिक खेतीतिर लागेको यस भेगका किसानको भनाइ छ। तरकारी, फलफूल र अन्य बालीमा लाग्ने रोगब्याध र किरा नियन्त्रणका लागि गाईको गहुँत, खरानी र पानी छर्कने विधि अपनाउन थालिएको र यो निक्कै सफल भएको बर्दिबास-९ पशुपतिनगरका किसान ब्रह्मदेव महतो बताउछन। प्राङ्गारिक खेती थालिएको वर्ष २०७० मा उत्पादन अलि कम भयो। पछि क्रमशः उत्पादन बढ्दै गएपछि खासै समस्या नभएको किसानको भनाइ छ। विधिबाटै गरिएको खेतीबाटै बाली उत्पादन भएको क्षेत्रबारे आम चासो र परिचय बढेपछि उपभोक्ताले बजार पुऱ्याउनासाथ आफ्नो सामान तत्काल किन्ने गरेका बर्दिबास-५ चेरुका परबल उत्पादक वाणिकराज काफ्लेको अनुभव छ। हाम्रो बस्तीमा विषादी र रासायनिक मलको प्रयोगबिना नै परबल खेती हुन लागेको बजारु उपभोक्ताले थाहा पाएका छन कृषि सेवाकै सहसचिव पदबाट निवृत भई सघन तरकारी खेतीमा लाग्नुभएका काफ्लेले भने ,हाँमीले बजारमा आफ्नो उत्पादन बिसाउनासाथ चारैतिरबाट ग्राहक झुप्पिएर तुरुन्तै लैजान्छन्। पछिल्लो चरणमा त व्यापारी घरघरै आएर उत्पादित फसल लग्न थालेपछि बजार पुऱ्याउने झन्झट घट्दै गएको छ। भङ्गाहा-४ रामनगरका सत्यनारायण यादवले आफ्नै बालीबाट बीउ उत्पादन थाल्नु भएको छ। धान, गहुँ, तरकारी बालीमा ओल र मसलामा अदुवा, बेसारको बीउ खेतबारीमा उत्पादन थालिएको र बजार राम्रो जमेको यादवको अनुभव छ। हामीले पहिले कृषि प्राविधिककै रेखदेखमा बीउ उत्पादन थाल्यौं, गढीमाई कृषि सहकारी संस्थाका अध्यक्ष रहेका यादवले भने , हामीले उत्पादन गरेको बीउ पूर्वदेखि पश्चिम माहाकालीसम्मका सहकारीले लान्छन्। विशेष विधिबाट उत्पादन गरिएको बीउको उमार र उत्पादन राम्रो भएपछि मागअनुसार दिन भ्याइनभ्याई नै पर्ने गरेको यादवको भनाइ छ।
प्राङ्गारिक उत्पादनका बाली स्वाभाविक आकार र रङका हुने भएकाले ठम्याएर किन्न गाऱ्हो नहुने बर्दिबास-१ की गृहिणी प्रतिमा कोइराला बताउछन। यस्ता उत्पादन बजार पुग्नासाथ तत्काल खपत भएपछि त्यस्ता किसान उपभोक्ताको रोजाइमा पर्छन्। रासस

# धनुषाको १७ स्थानीय तह अझै गरेनन् जग्गा वर्गीकरण

मधेशदृष्टि
जनकपुरधाम, २३ माघ। सरकारले जग्गाको वर्गीकरण गर्न दिएको समयसीमा नाघेको दुई महिना बितिसक्दा पनि धनुषाको १७ वटा स्थानीय तहले अझै जग्गा वर्गीकरण गर्न सकेका छैनन्।
धनुषामा १८ वटा स्थानीय तहमध्ये जनकपुरधाम उपमहानगरपालिकाले मात्र जग्गाको वर्गीकरण गर्न सकेको छ, त्यो पनि अपुरै रहेको छ। जग्गा वर्गीकरण नगर्दा धनुषाको नापी कार्यालयमा कित्ताकाटको काम ठप्प रहेको छ। कुनैबेला कित्ताकाटकै लागि पालो कुर्नुपर्ने सो कार्यालयमा अहिले फाट्टफुट्ट मात्र सेवाग्राही पुग्ने गरेका छन्।
जेठको तेस्रो साताअघि दैनिक २५ देखि ३० जना कित्ताकाटका लागि आउनेमा अहिले पाँच/छ जना आउने गरेको कर्मचारीहरुले बताएका छन्। नापी कार्यालय धनुषाका नापी प्रमुख सुमनकिशोर मिश्रले भने अहिले जनकपुरधाम उपमहानगरपालिकाबाहेक अन्य स्थानीय तहको कित्ताकाटको काम रोक्का रहेको छ।
जनकपुरधाम उपमहानगरपालिकाले केही वडाको जग्गाको वर्गीकरण गरी नापी विभागमा प्रतिवेदन बुझाएकाले त्यस ठाउँको काम भइरहेको उनले जानकारी दिए। जनकपुरधाम उपमहानगरपालिकाभित्रको कृषियोग्य जग्गा दुई कठ्ठा तथा घडेरी जग्गा पौने आठ धुरसम्मको कित्ताकाट भइरहेको छ। भूमिसम्बन्धी ऐनले जग्गाको वर्गीकरण तथा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई नै दिएकाले स्थानीय तहले वर्गीकरण गरी आधिकारिक प्रतिवेदन पालिकाको वडाबाट पारित गरेर नापी विभागमा दर्ता नगरेसम्म कित्ताकाटको काम गर्न नमिल्ने नापी प्रमुख मिश्रले बताए।
मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतोले जग्गा वर्गीकरणको काम अगाडि बढाइ सकिएको जानकारी दिदै जग्गा वर्गीकरणका लागि वडा जनप्रतिनिधिलाई जिम्मा लगाइएको र काम पनि गरिरहेकाले चाँडै नै प्रतिवेदन तयार गरी नापी विभागमा दर्ता गराउने बताए। जग्गा वर्गीकरण नहुँदा बैङ्क तथा वित्तीय संस्थाले धितो राख्नसमेत आनाकानी गर्दा उद्योगी व्यवसायी निकै मर्कामा परेको ढल्केबरका युवा उद्यमी तथा मिथिला उद्योग वाणिज्य सङ्घका अध्यक्ष तेजनारायण साहले बताएका छन्।
सरकारले जग्गाको वर्गीकरण गर्न स्थानीय तहमा रहेका स्थानीय भूउपयोग परिषद्लाई अख्तियारी दिएको छ। अख्तियारी अनुसार मङ्सिर २३ गतेसम्म जग्गाको वर्गीकरण गरी त्यसको प्रतिवेदन नापी विभागमा दर्ता गर्नुपर्ने समयसीमा थियो। नेपाल सरकारले कृषियोग्य जग्गा खण्डीकरण भएर मुलुकमा खाद्यान्न सङ्कटसहितका अन्य विकासको कामकाज गर्नमा समस्या हुने अवस्था देखेर भू-उपयोग ऐन २०७६ तथा नियमावली २०७९ अनुसार जग्गालाई १० वर्गमा छुट्याएर कित्ताकाटको व्यवस्था गर्न निर्देशन दिइएको हो।
भू-उपयोग ऐनको दफा ४ (१)अनुसार हरेक स्थानीय तहले जग्गाको वर्गीकरण गरी १० भागमा छुट्याउनुपर्ने कानुनी व्यवस्था छ। कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, खोला-नाला-सिमसार क्षेत्र, सार्वजनिक उद्योग क्षेत्र, संस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र र नेपाल सरकारले आवश्यकता अनुसार तोकिएको क्षेत्र गरी वर्गीकरण गर्न स्थानीय तहलाई अधिकारमा छ।

# जानकी मन्दिर मार्बलको छानवीनकालागि मुख्यमन्त्रीको निर्देशन



मधेशदृष्टि
वीरगंज,२३ माघ।
मधेस प्रदेशमा लागू मुख्यमन्त्री स्वच्छता अभियान र जानकी मन्दिरमा लगाइएको मार्बलको गुणस्तर छानबिन गर्न मुख्यमन्त्री सरोजकुमार यादवले निर्देशन दिएका छन। प्रदेश सरकारका मन्त्री, राज्यमन्त्री र सचिवहरूको संयुक्त बैठकमा मुख्यमन्त्री यादवले स्वच्छता अभियानमा रहेका योजनाहरूको छानबिन गरी अनियमिततामा संलग्न रहेका कर्मचारीमाथि कारबाही गर्नसमेत निर्देशन दिएका छन। प्रदेश सरकारले नीति र कार्यक्रम बनाउने उल्लेख गर्दै मुख्यमन्त्री यादवले कर्मचारीलाई कार्यान्वयनको जिम्मेवारी इमानदारपूर्वक निर्वाह गर्न निर्देशन दिएको मन्त्री यादवले बताए। मधेस प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सञ्चालनमा आएको मुख्यमन्त्री स्वच्छता अभियान र बेटी पढाउ, बेटी बचाउ कार्यक्रम विवादास्पद बनेको थियो। स्वच्छता अभियानअन्तर्गत धेरैजसो कार्यक्रममाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ। साइकल खरिद प्रकरणमा अख्तियारले ठेकेदार र कर्मचारीसहित १२ जनामाथि विशेष अदालतमा मुद्दा दायर गरेको छ। स्वच्छता अभियानअन्तर्गत जानकी मन्दिर सौन्दर्यकरणको क्रममा लगाइएको मार्बल कमसल रहेको देखिएकाले त्यसको पनि छानबिन गर्न विशेषज्ञ मगाउने निर्देशन मुख्यमन्त्रीले दिएका छन्। जानकी मन्दिरमा लगाइएको मार्वलको गुणस्तर जाँचका लागि काठमाण्डौको पुल्चोकमा रहेको इन्जिनियरिङ कलेजबाट विज्ञ झिकाएर जाँच गराउन मुख्यमन्त्री यादवले प्रमुख सचिवलाई बैठकमै निर्देशन दिएको सहभागीहरूले मन्दिर परिसरमा लगाइएको मार्बल फुटेर मन्दिरको भित्री परिसरसमेत कुरुप बनेको गुनासो गरेका थिए। अहिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट विकास निर्माणका शीर्षकहरूलाई हटाइएको छ। मुख्यमन्त्री स्वच्छता अभियान भौतिक पूर्वाधार विकास मन्त्रालयमा र बेटी पढाउ, बेटी बचाउ कार्यक्रम अब शिक्षा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा गएको छ। यसअघि यो अभियान शिक्षा सामाजिक विकास मन्त्रालयमा रहेको थियो। मुख्यमन्त्री यादवले भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतका डिभिजनल इन्जिनियर (डी.ई)हरूलाई योजनाहरू समयमै पूरा गर्न निर्देशन दिएका छन। भौतिक पूर्वाधार विकास मन्त्री सरोज यादव, प्रमुख सचिव, मन्त्रालयका सचिवसमेतको उपस्थितिमा मुख्यमन्त्रीले निर्धारित मापदण्डअनुसारको काम समयमै सक्न निर्देशन दिँदै भुक्तानीमा कमिसन मागिए कारबाही गरिने चेतावनी समेत दिए।


# गौशाला नपाका स्थानीयलाई पिउने पानीको समस्या

मधेशदृष्टि
महोत्तरी, २३ माघ। महोत्तरीस्थित गौशाला नगरपालिकाका स्थानीयलाई पिउने पानीको समस्या भएको छ।
बोरिङको सतह फुटेपछि करिब चार सय घरधुरी पाँच दिनदेखि धमिलो पानी पिउन बाध्य भएका छन्। सो नगरपालिकाका वडा न.१२ को कान्तिबजार, नयाँ टोल, परहडिया, पुरानो कान्ति बजार लगायतका स्थानीयवासीहरु धमिलो र दूषित पानी पिउन बाध्य भएका स्थानीय हृदय सिंह कुशवाहाले बताएका छन्।
आइतबारबाट नगरपालिकाले पिउने पानीको लागि ट्याकंरबाट व्यवस्था गरेपनि त्यो पर्याप्त नहुँदा स्थानीय समस्या परेका हुन। कुशवाहाले भने ‘नगरपालिकाले ल्याएको ट्याकंरको पानी पहुँचवालाहरुले मात्र पाएका छन्, पालिकाले तत्काल स्वच्छ खानेपानी व्यवस्था नगरेर स्थानीयवासीमा स्वास्थ्यमा समस्या देखिन सक्छ।’
यता वडा अध्यक्ष कुशेश्वर सिंहले भने स्थानीयहरुको धारामा धमिलो दुषित पानी आए पनि



पिउने पानीको समस्या नरहेको दाबी गरेका छन्।
‘बोरिङ अनुगमनको लागि जाँदा पिँधमा फुटेको देखियो, उनले भने, ‘त्यही बोरिङलाई मर्मतसम्भार गर्न सक्ने अवस्था नरहेकाले नयाँ बोरिङको प्रक्रियामा छौं।’
दुषित पानीको कारण स्थानीयमा स्वास्थ्यमा समस्या देखिन थालेको छ। परहडियाका केही स्थानीयहरुमा झाडापखाला, रुघाखोकी जस्ता समस्या देखिन थालेको दिपलाल महतोले जानकारी दिए। पानीको समस्या समाधानका लागि नगरपालिका जाँदा त्यहाँ उल्टै गाली गर्ने गरेको स्थानीयको भनाईछ।
पिउने पानी जस्तो गम्भीर विषयमा स्थानीय सरकारले बेवास्ता गरेको बताउँदै स्थानीयले तत्काल समस्या सावधानको लागि पहलकदमी लिन सम्बन्धित निकायलाई आग्रह गरेका छन्।
धमिलो र दूषित पानीको मुख्य दोषी खानेपानी उपभोक्ता समितिलाई दिँदै स्थानीयहरुले वडा अध्यक्ष आफै अध्यक्ष रहेको उक्त समितिले उपभोक्ताहरुको हित अनुकुल काम नगरेको हुनाले नै यस्तो अवस्था खानेपानी बोरिङलाई केही स्थानीयहरुले राती चोरेर सिंचाइमा प्रयोग गर्ने र मोटर लगाएर निकाल्ने गरेको हुनाले फिल्टरमा समस्या भएर इनार काम नलाग्ने भएको स्थानीय हृदय सिंह कुशवाहाले बताएका छन्। गौशालामा पानीको समस्या भएको यो पहिलोपटक भने होइन। यसअघि गैरिटोलमा पनि विद्युत् प्राधिकरणबाट लाइन काटेपछि पिउने पानी समस्या भएको थियो।



फरवरी ५, २०२३ मा लिइएको यो तस्बिरले पेरिसमा रातो क्रसिङ बत्ती पछाडि उदाइरहेको पूर्णिमा देखाउँछ। (स्टेफानो रेलान्डिनी / एएफपी द्वारा फोटो)

# भूकम्पमा परी टर्की र सिरियामा सयौंको मृत्यु



इस्तानबुल, २३ माघ
टर्की र सिरियाको सीमा क्षेत्रमा सोमबार बिहान एएको ७.८ म्याग्निच्युडको भूकम्पका कारण सयौं व्यक्तिले ज्यान गुमाएका छन् । सोमबार विहान सुतेकै अवस्थामा भूकम्पको शक्तिशाली धक्का महसुस गरिएको र उक्त भूकम्पका कारण टर्की र सिरियामा गरी पाँच सयभन्दा बढीको मृत्यु भएको थियो । सिरियामा जारी गृहयुद्ध र अन्य द्वन्द्वका कारण लाखौं मानिसले भरिएको यस क्षेत्रका प्रमुख शहरहरूको पूरै क्षेत्रलाई कम्पन गर्नेगरी करिब एक शताब्दीयताकै सबैभन्दा शक्तिशाली भूकम्प गएको हो । सिरियाको राष्ट्रिय भूकम्प केन्द्रका प्रमुख राएद अहमदले सरकारी रेडियोसँग भन्नुभयो, केन्द्रको स्थापनापछि रेकर्ड गरिएको यो सबैभन्दा ठूलो भूकम्प हो ।स्वास्थ्य मन्त्रालय र स्थानीय अस्पतालका अनुसार सरकार नियन्त्रित सिरियाका साथै टर्की समर्थक समूहको कब्जामा रहेको उत्तरी क्षेत्रमा कम्तीमा २४५ जनाको मृत्यु भएको छ ।

टर्कीका उपराष्ट्रपति फुआत ओक्टेले सोमबार टर्कीमा कम्तीमा २८४ जनाको मृत्यु भएको र दुई हजार ३०० भन्दा बढी व्यक्ति घाइते भएको र केही प्रमुख शहरमा खोजी तथा उद्धार कार्य जारी रहेको बताउनुभएको छ । मुख्य सडकहरू हिउँले ढाक्नेगरी आएको हिउँदे हिमआँधीका कारण उद्धारमा बाधा पुगेको टर्कीका उद्धारकर्मीहरूले बताएका छन् ।टर्कीका मानिसहरू हिउँमा पाइजामा लगाएर उभिएर उद्धारकर्ताहरूले क्षतिग्रस्त घरहरूको भग्नावशेष खनेको टेलिभिजनद्वारा प्रशारित भिडियो तथा तस्वीरहरूमा देखाइएको छ ।

अमेरिकी भौगर्भिक सर्भेका अनुसार टर्की र सिरियाको सिमा क्षेत्रमा रहेको गाजियान्टेप शहर नजिकै स्थानीय समयानुसार बिहान ४ बजेर १७ मिनेट जाँदा भूकम्प गएको थियो ।टर्कीको एएफएडी आपतकालीन सेवा केन्द्रले ७.४ म्याग्निच्यूडको पहिलो भूकम्प गएको र त्यसपछि ४० भन्दा बढी पराकम्प गएको जनाएको छ ।टर्कीको टेलिभिजनमा सार्वजनिक भएका तस्बिरमा उद्धारकर्मीहरूले कहरमानमारस र छिमेकी गाजियान्टेप शहरमा समतल भवनहरूको भग्नावशेष खनेको देखिएको छ ।

कहरमनमारसको एउटा चित्रमा आगोले रातको आकाशलाई उज्यालो बनायो, यद्यपि यसको उत्पत्ति अस्पष्ट थियो।अदियामान, मालत्या र दियारबकिर शहरमा पनि भवनहरू भत्किएका छन्, जहाँ एएफपीका पत्रकारहरूले आत्तिएका मानिसहरू सडकमा दौडिरहेको देखेका थिए।

कहरमनमारसका गभर्नर ओमेर फारुक कोस्कुनले धेरै भवनहरु ध्वस्त भएका कारण मृतकको स८्या अनुमान गर्न हतार हुने बताउनुभएको छ। कोस्कुनले भन्नुभयो,यति धेरै भवनहरु ध्वस्त भएका कारण मृतक र घाइतेको स८्या अहिले नै बताउन सम्भव छैन। क्षति गम्भीर छ।

माल्टा प्रान्तमा १३ औं शताब्दीमा निर्मित एक प्रसिद्ध मस्जिद आंशिक रूपमा भत्किएको थियो, जहाँ २८ अपार्टमेन्टहरू भएको १४ तले भवन पनि भत्किएको छ।अन्य शहरहरूमा पनि उद्धारकर्ताहरूले भग्नावशेषमा फसेका जीवित व्यक्तिहरूसम्म पुग्न संघर्ष गरिरहेका छन् ।

दियारबकिर शहरको एक समतल भवनअगाडि एनटिभी टेलिभिजनमा एक उद्धारकर्ताले भने, ँहामी भग्नावशेषभित्र जता पनि आवाज सुन्छौं । भग्नावशेषमुनि २०० जना मानिस रहेको हुन सक्ने बताइएको छ ।सिरियाली स्वास्थ्य मन्त्रालयले अलेप्पो, लाटाकिया, हामा र टार्टस प्रान्तमा क्षति पुगेको जनाएको छ ।

उत्तरी सिरियास्थित एएफपीका संवाददाताका अनुसार जमिनको भयङ्कर कम्पनपछि आत्तिएका बासिन्दा घरबाट भागेका थिए ।टर्की विश्वकै सबैभन्दा सक्रिय भूकम्प प्रभावित क्षेत्रमध्ये एक हो । टर्कीको डुज्से क्षेत्रमा सन् १९९९ मा ७.४ म्याग्निच्यूडको भूकम्प गएको थियो ।उक्त भूकम्पमा इस्तानबुलमा करिब एक हजारसहित देशभर १७ हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो ।

विशेषज्ञहरूले लामो समयदेखि इस्तानबुलमा ठूलो भूकम्पले तहसनहस पार्न सक्ने चेतावनी दिँदै आएका छन् । यहाँ सुरक्षा सावधानी बिना ठूला भवन निर्माण गर्न अनुमति दिइएको छैन ।

त्यस्तै सन् २०२० को जनवरीमा एलाजिगमा गएको ६.८ म्याग्नीच्यूडको भूकम्पमा परी ४० जनाभन्दा बढीको मृत्यु भएको थियो । सोही वर्ष अक्टोबरमा टर्कीको एजियन तटमा गएको ७.० म्याग्निच्यूडको भूकम्पमा परी ११४ जनाको मृत्यु हुनुका साथै एक हजारभन्दा बढी घाइते भएका थिए । (रासस/एएफपी)

# अस्ट्रेलिया चीनसँग "निर्बाध व्यापार" गर्न इच्छुक



सिड्नी, २३ माघ
अस्ट्रेलिया र चीनबीच तनावपूर्ण सम्बन्ध सुधारका लागि मन्त्रीस्तरीय वार्तापछि अस्ट्रेलियाले सोमबार चीनलाई पुनः 'निर्बाध रूपमा व्यापार' सुरु गर्न आग्रह गरेको छ।

चीनले सन् २०२० मा जौ, गाइको मासु र वाइनजस्ता अष्ट्रेलियाका प्रमुख निर्यातमा चर्को कर लगाएको थियो । हालैका वर्षहरूमा रणनीतिक रूपमा महत्वपूर्ण दक्षिण प्रशान्त क्षेत्रमा प्रभावका लागि पनि उनीहरू होडबाजी गरिरहेका छन् । अस्ट्रेलियाको सरकारले मे महिनामा भएको निर्वाचनपछि चीनसँग कम मुठभेडको अडान लिएको छ र सोमबार चिनियाँ अधिकारीहरूसँग 'व्यापारको पूर्ण पुनः उत्थान'' बारे छलफल गरेको छ । व्यापारमन्त्री डन फेरेलले चिनियाँ वाणिज्यमन्त्री वाङ वेन्ताओसँग भिडियो लिङ्कमार्फत कुरा गरेको र 'अस्ट्रेलियाली निर्यातकर्ताका लागि निर्बाध व्यापार' को आवश्यकतामा जोड दिएको बताउनुभयो। दुवै नेता अनिर्दिष्ट समयमा चीनमा व्यक्तिगत रूपमा भेट्न सहमत भएका छन् । अस्ट्रेलियाली कोइलामालगाइएकोअनौपचारिक प्रतिबन्धका साथै करवृद्धिका कारण चिनियाँ बजारबाट प्राप्त हुने राजस्वमा पाँच अर्ब अष्ट्रेलियन डलर (३.४७ अर्ब अमेरिकी डलर) भन्दा बढीको क्षति भएको अनुमान गरिएको छ । फारेलले यो बैठक चीनसँगको अष्ट्रेलियाको सम्बन्ध स्थिरीकरणका लागि महत्वपूर्ण कदम भएको बताउनुभयो।

पेन्टागनले चीनले मोन्टाना राज्यमा जासुसी बेलुन उडाएको आरोप लगाएपछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले बेइजिङको दुर्लभ भ्रमण रद्द गर्नुभएको छ। यसै शिलशिलामा अस्ट्रेलियाकी विदेशमन्त्री पेनी वोङले दुई महाशक्तिराष्ट्रलाई कूटनीतिक समाधान खोज्न आग्रह गरेकी छन् । विशेष गरी यस्तो समयमा यो धेरै महत्वपूर्ण छ, हामी यो सुनिश्चित गर्दछौं कि कर वृद्धिको प्रतिस्पर्धा थप अघि बढ्दैन, उहाँले भन्नुभयो ।

हामी सबै शान्तिपूर्ण, स्थिर र समृद्ध क्षेत्र चाहन्छौं, र यसको अर्थ, अन्य कुराहरूका साथै, महान् शक्तिहरू एक अर्कासँग कुरा गरिरहेका छन् । वोङले गत वर्षको डिसेम्बरमा बेइजिङको भ्रमण गर्नुभएको थियो । विगत चार वर्षमा अस्ट्रेलियाका विदेशमन्त्रीको यो पहिलो चीन भ्रमण हो । अस्ट्रेलियाको पूर्ववर्ती सरकारले चीनको मानव अधिकारको रेकर्डमाथि बारम्बार प्रश्न उठाएर र कोभिड-१९ को प्रकोपको उत्पत्तिबारे स्वतन्त्र अनुसन्धानका लागि दबाब दिएर चीनलाई आक्रोशित बनाएको थियो। सम्बन्धमा आएको तघार ेसँगै कुनै समय चिनियाँ सरकारका मन्त्रीहरूले आफ्ना अष्ट्रेलियाली समकक्षीहरूको फोन उठाउन इन्कारसमेत गर्ने अवस्था आएको थियो। (रासस/एएफपी)

# इन्डोनेसियाको आर्थिक वृद्धिदर नौ वर्षयताकै उच्च

जकार्ता, २३ माघ
विश्वव्यापी अनिश्चितता र अन्तिम त्रैमासिकमा देखिएको मन्दीका बावजुद इन्डोनेसियाको आर्थिक वृद्धि दर सन् २०२२ मा नौ वर्षयताकै उच्च विन्दुमा पुगेको आधिकारिक तथ्याङ्कले देखाएको छ । सन् २०२० मा इन्डोनेसियाको कूल गार्हस्थ्य उत्पादन (जीडीपी) २.०७ प्रतिशतले खुम्चिएपछि यसको निर्यात र पर्यटनमा निर्भर अर्थतन्त्रमा ठूलो असर परेको थियो। तर दक्षिणपूर्वी एसियाको सबैभन्दा ठूलो अर्थतन्त्रमा त्यसयता उकालो लागेको छ र गत वर्ष ५.३१ प्रतिशतको आर्थिक वृद्धि दर हासिल गरेको तथ्याङ्क इन्डोनेसियाली सरकारले सोमबार सार्वजनिक गरेको छ।



सन् २०२२ मा इन्डोनेसियाको अर्थतन्त्र बलियो रुपमा वृद्धि भएको तथ्याङ्कले देखाउँछ,' तथ्याङ्कसम्बन्धी निकायका प्रमुख मार्गो युवोनोले भन्नुभयो। उहाँले उच्च निर्यात मूल्य र यात्रा प्रतिबन्ध हटाइएका कारण वृद्धि भएको र मार्चमा क्वारेन्टाइनको आवश्यकतामा कमी आएसँगै व्यापारलाई बढावा दिइएको र पर्यटक आगमनमा वृद्धि भएको बताउनुभयो। युवोनोले भन्नुभयो, लगभग सबै अन्तर्राष्ट्रिय विमानस्थलहरू पुनः सञ्चालनमा आएपछि मानिसहरूको आर्थिक गतिविधि बढेको छ ।देशले वर्षको पहिलो छ महिनामा सात लाख ४० हजारभन्दा बढी आगन्तुकहरूलाई स्वागत गरेको थियो । यो अघिल्लो वर्षको तुलनामा ८०० प्रतिशत भन्दा बढीको वृद्धि हो । जुलाई-सेप्टेम्बरको एक मजबूत अवस्थापछि वर्षको अन्तिम त्रैमासिकमा सुस्त वृद्धिको बावजुद वार्षिक वृद्धि बलियो देखिएको हो । इन्डोनेसियाको अक्टोबर-डिसेम्बरमा आर्थिक वृद्धिदर ५.०१ प्रतिशतले बढेको छ, जुन अघिल्लो तीन महिनामा ५.७२ प्रतिशत थियो।

तर सन् २०२१ मा कोरोना भाइरसको सङ्क्रमण घट्न थालेपछि पाम आयल, कोइला र निकेलजस्ता प्रमुख वस्तुको निर्यात मूल्यमा उल्लेख्य वृद्धि भएपछि यसले महामारीको न्यूनताबाट आफ्नो वार्षिक वृद्धिलाई ३.६९ प्रतिशतले कायम राखेको छ । अर्थशास्त्रीहरूका अनुसार सुधारका बाबजुद यस वर्ष देशको आर्थिक वृद्धिदर केही सुस्त हुने अनुमान गरिएको छ । क्यापिटल इकोनोमिक्सका वरिष्ठ एशिया अर्थशास्त्री ग्यारेथ लेदरले भन्नुभयो, कमजोर विश्वव्यापी माग, उच्च मुद्रास्फीति र उच्च ब्याज दरले गतिविधि खुम्चिएकोले यस बर्ष आर्थिक वृद्धि दरमा थप कमजोरी आउनसक्ने देखिन्छ । आगामी त्रैमासिकहरूमा वृद्धि अझ सुस्त हुने अनुमान गरिएको छ । (रासस/सिन्ह्वा)

# पूर्व सैनिक शासक मुसर्रफको पार्थिव शरीर पाकिस्तान ल्याइने

इस्लामावाद, २३ माघ
पाकिस्तानका निर्वासित पूर्व सैनिक शासक परवेज मुसर्रफको शव सोमबार स्वदेश ल्याइने भएको छ ।सन् २०१६ मा स्वास्थ्य समस्या देखिएपछि पाकिस्तानबाट दुबई पुगी निर्वासनमा रहँदै आउनुभएका मुसर्रफको ७९ वर्षको उमेरमा दुबईमा निधन भएको थियो । पाकिस्तानी वरिष्ठ अधिकारीहरुले उहाँको शव सोमबार स्वदेश फर्काइने र अन्त्येष्टि गरिने बताएका छन् ।

मुसर्रफले सन् १९९९ मा रक्तपातरहित 'कू' गरेर सत्ता कब्जा गर्नुभएको थियो । संयुक्त राज्य अमेरिकामा सेप्टेम्बर ११ को हमला हुँदा उहाँ पाकिस्तानको सेना प्रमुख, प्रमुख कार्यकारी र राष्ट्रपतिको रूपमा काम गरिरहनुभएको थियो।

जनरलले दुई पटक पाकिस्तानी संविधान निलम्बन गरेको, जनमत संग्रहमा धाँधली गरेको र आफ्नो शक्तिको दुरुपयोग गरेको आरोप लगाइएको थियो । साथै उनको लगभग नौ वर्षको शासनकालमा विपक्षीहरूलाई गोलमा हालेर अधिकारको व्यापक उल्लङ्घन गरेको आरोप पनि लगाइने गरेको छ । ब्रुकिङ्स इन्स्टिच्युसनकी विश्लेषक मदिहा अफजलले एएफपीसँग भन्नुभयो,अन्ततः उहाँले पाकिस्तानीहरूमा प्रत्यक्ष सैन्य शासनको गहिरो अरुचि साथ बहिर्गमन गर्नुभएको थियो।

पाकिस्तानी सेनाले उहाँबाट सिक्दै अहिले पर्दा पछाडि धेरै शक्ति प्रयोग गरेपनि यो फेरि प्रत्यक्ष रूपमा सत्तामा रहन चाहँदैन ।उहाँको कार्यकालमा पाकिस्तानलाई विदेशी सहायताको ठूलो प्रवाह भएको थियो र यसले अर्थव्यवस्थालाई बलियो बनाएको थियो।



मुसर्रफ 'एमाइलोइडोसिस' नामक दुर्लभ रोगबाट पीडित हुनुहुन्थ्यो । गत ग्रीष्मऋतुमा उहाँको परिवारले उहाँलाई निको हुने कुनै सम्भावना नरहेको बताएको थियो ।सेनाको सञ्चार शाखाले आइतबार जारी गरेको संक्षिप्त विज्ञप्तिमा जनरल परवेज मुसर्रफको निधन भएको र वरिष्ठ सैन्य प्रमुखहरूले समवेदना व्यक्त गरेका सूचना सार्वजनिक भएको थियो । (रासस/सिन्ह्वा)



# गुणस्तरहिन सामाग्री प्रयोग भएको भन्दै महानगर प्रमुख सिंहद्वारा निर्माण रोक्का



मधेशदृष्टि
वीरगंज २३ माघ।
पप्पु कन्स्ट्रक्सनले गुणस्तरहीन समाग्री प्रयोग गरेर सिर्सिया खल्वाटोलामा पुल निर्माण गरिरहेको भेटेपछि वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले पुल निर्माण कार्य तत्काल रोक्का गरेका छन । वीरगञ्ज महानगरपालिकाको वडा नम्वर २५ सिर्सिया खल्वाटोलामा निर्माणाधिन पुलमा गुणस्तरहीन सामग्री प्रयोग गरेर पप्पुले ढलान सुरु गर्न लागेको थियो। सोमबार अनुगमनमा पुगेका बीरगंज महानगरपालिकाका प्रमुख सिंहले ठेकेदार कम्पनीले बालुवा प्रयोग गर्न पर्नेमा पांगो माटो प्रयोग गरेर ढलान गर्न लागेको भेटेपछि काम रोक्न निर्देशन दिएका थिए।

सघन सहरी विकास आयोजनाले २०७४ सालमा पुल निर्माणका लागि ठेक्का लगाएको भए पनि ठेकेदार कम्पनीले निर्माण अलपत्र पारेर छाडेको थियो । महानगर प्रमुखमा सिंह निर्वाचित भएर आएसँगै उनको पहलमा ठेकेदार कम्पनीले पुल निर्माणको काम अघि बढाएको थियो । तर अहिले पुल निर्माणमा गुणस्तरहीन सामग्री प्रयोग गरेको भेटेपछि महानगरप्रमुख सिंहले काम रोक्नुका साथै स्टिमेट अनुसारको सामग्री प्रयोग गरेर मात्रै काम अघि बढाउन दिर्नेशन दिएका थिए । यता सघन सहरी विकास आयोजना कार्यालय वीरगञ्जका प्रमुख झपट बहादुर थापाले पप्पुले पुल निर्माणमा कमसल सामग्री प्रयोग गरेको जानकारी आए पछि काम रोकेको बताएका छन । सघन सहरीले वीरगंज महानगरपालिका भित्र पर्ने विभिन्न १७ वटा सडकको ठेक्का लगाउँदा उक्त पुल निर्माणको जिम्मा पप्पु कन्स्ट्रक्सनले पाएको थियो।

# वीरगंजको माइस्थान क्षेत्रको तरकारी बजार स्थानान्तरण



मधेशदृष्टि
वीरगंज, २३ माघ।
वीरगञ्जको माइस्थानदेखि नेपाल टेलिकमसम्मको सडकपेटीमा हुँदै आएको तरकारी तथा फलफुल बजारलाई सोमवारवाट गिता मन्दिर नजिक रहेको खाली जग्गामा व्यवस्थापन गरिएको छ। मिना बजार क्षेत्रको सडक पेटीमै लाग्ने गरेको तरकारी तथा फलफुल बजारले आउजाउमा असहज भए पछि वीरगञ्ज महानगरपालिकाले गिता मन्दिर नजिकको खाली जग्गामा व्यवस्थापन गरेको हो । महानगरले गएको बुधबार सूचना जारी गर्दै माइस्थानदेखि नेपाल टेलिकमसम्मको सडकपेटी, २ र ३ नम्वर रोड आसपासको सडकपेटीमा अव्यवस्थित तरकारी बजार लगाइरहेकालाई गिता मन्दिर नजिकको खाली जग्गामा स्थानान्तरण हुन आग्रह गरेको थियो । त्यस क्षेत्रको सडक पेटीमा व्यवसाय गर्दै आएका फलफुल तथा तरकारी व्यवसायीहरु सोमबारबाट गिता मन्दीर नजिकको खाली जग्गामा पसल संचालनका लागि स्थानान्तरण भएका छन् । महानगरपालिकाको नगर प्रहरी र सरसफाई शाखाका प्रतिनिधिको रोहबरमा व्यवसायीलाई पसल संचालनका लागि खाली जग्गामा व्यवस्थापन गरिएको हो । वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बजार व्यवस्थित बनाउन सडक पेटीमा अव्यवस्थित रहेका तरकारी तथा फलफुल बजारलाई खाली ठाउँमा व्यवस्थापन गर्न निर्देशन दिनुभएको थियो। सोही बमोजिम सोमबारदेखि सडक पेटीमा यात्रु आउजाउ गर्नै नमिल्ने गरी थापिएका तरकारी तथा फलफुल पसललाई खाली जग्गामा स्थानान्तरण गरिएको महानगरका सरसफाई शाखा प्रमुख सर्फुद्धिन मियाँले जानकारी दिनुभयो।

महानगरपालिकाले माइस्थान तथा मिना बजार क्षेत्रको सडक तथा सडक पेटीमै हुने गरेको तरकारी तथा फलफुल बजार स्थानान्तरण गरेसँगै यात्रुलाई आउजाउमा सहज भएको छ।

# पत्रकार महासंघ धनुषा विजयी



मधेशदृष्टि
जनकपुरधाम । जनकपुरधाममा सोमवार सम्पन्न भएको नेपाल पत्रकार महासङ्घ धनुषाको क्रिकेट टिम तथा नीजि तथा आवासीय विद्यालयका सञ्चालक एवं शिक्षकहरूको मैत्रीपूर्ण त्रिक्रेट प्रतियोगितामा नेपाल पत्रकार महासङ्घ विजयी भएको छ। टस जितेर व्याटिङ्ग रोजेको नेपाल पत्रकार महासङ्घको क्रिकेट टिमले १४ ओभरको खेलमा सबै विकेट गुमाएर १ सय १९ रन बनाएकोमा एन प्याब्सनका शिक्षक एवं प्रधानाध्यापकहरूको टिम १३.४ ओभरमा अलआउट हुँदै ४९ रनले पराजित भयो।

नेपाल पत्रकार महासङ्घका तर्फबाट १२ खरी डट कामका समाचारदाता कमलेश ठाकुरले सर्वाधिक २९ रन बनाएका छन् । जनकपुर टुडेका समाचारदाता सञ्जीव कुमार झाले १७ रन, रेडियो नेपाल प्रादेशिक कार्यालयका मैथिली समाचार वाचक विजय झाले १२ रन तथा नेपाल पत्रकार महासङ्घ धनुषाका उपाध्यक्ष अबधेश कामतले ७ रन बनाएका थिए । यसैगरी वलिङ्गतर्फ महासङ्घका फरक धार डट कमका समाचारदाता दिपक कर्णले ४ विकेट, रेडियो नेपालका संवाददाता अजय कुमार झाले ३ विकेट, पत्रकार विकास ठाकुरले २ विकेट र डेली एक्सप्रेसका पत्रकार सन्दीप साहले १ लिएका थिए । नीजि तथा आवासीय विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरुमध्ये राजर्षि क्याम्पसका शिक्षक सञ्जीव ठाकुरले ३१ रन बनाए पनि अन्यले दोहोरो रन बनाउन सकेनन । सबै खेलाडी १३.४ ओभरमा अल आउट भए । विकेटतर्फ सन्दीप ठाकुरले २, विमलले २, कुशेश्वरले २, ऐरे ईन्टरनेशनका प्रधानाध्यापक आशिष झाले १, मोनाष्टिक आवासीय विद्यालयका प्रधानाध्यापक डा. सोनु साहले १ तथा नीजि तथा आवासीय विद्यालय एशोसिएशनका केन्द्रीय उपाध्यक्ष एवं सर्वोदय विद्यालयका प्रधानाध्यापक ब्रजेन्द्र मिश्रले १ विकेट लिएका थिए।

# वीरगंजलाई पर्यटकीय नगरीको रुपमा विकास गर्ने महानगर प्रमुख सिंहको लक्ष्य




मधेशदृष्टि
वीरगञ्ज २३ माघ।
वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वीरगञ्जलाई आर्थिक सँगै पर्यटकीय नगरीको रुपमा विकास गर्न ठोस कार्यक्रमका साथ महानगर जुटेको बताएका छन।

पर्यटक प्रहरी कार्यालय काठमाण्डौको आयोजनामा सोमवार वीरगंजमा आयोजित पर्यटन प्रवर्द्धन तथा पर्यटन सुरक्षामा सरोकारवाला निकायहरुको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख सिंहले भारतीय पर्यटक भित्र्याउने गरी महानगरले काम गरिरहेको भन्दै त्यसमा सबैले साथ दिन आह्वान गरे । भारतीय सवारी सँग लिने गरिएको कर हटाउँदा महानगरको वार्षिक ६ करोड आम्दानी गुमेको भए पनि भारतीय पर्यटकको आगमनले पर्यटनसँग आश्रित व्यवसायी र परिवारको घर चल्न ठूलो मद्दत मिलेको उनले बताए। महानगरले माइस्थान मन्दिर सौन्दर्यकरण गरेर धार्मिक पर्यटनको मार्ग खुलाउन खोजेको भन्दै उनले अब १५० वर्ष भन्दा बढी पुरानो नृसिंह पिपरा मठको पुनर्निर्माणमा आफूहरु लागि परेको पनि बताए । आउँदो चैत्र सम्ममा वीरगञ्जको मुहार फेर्ने गरी काम गरिरहेको भन्दै त्यसका लागि सबैको साथको आवश्यकता रहेको पनि बताए।

सबैले आफ्नो ठाउँबाट काम गरे मात्रै वीरगञ्जलाई आर्थिक नगर ासँगै पर्यटकीय नगरीको रुपमा विकास गर्न सकिनेमा उनको जोड थियो । होटल व्यवसायी संघका केन्द्रीय सचिव हरि पन्तको सभापतित्वमा सम्पन्न कार्यक्रममा जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेल, ससस्त्र प्रहरी उपरीक्षक सुमन थपलिया, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायव उपरीक्षक निर्मल बुढाथोकी, पत्रकार महासंघका केन्द्रीय सचिव दिपेन्द्र चौहान लगायत होटल व्यवसायी तथा सुरक्षा निकायका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.–२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल